महेन्द्र माला

कक्षा ३

महेन्द्र माला

कक्षा तीन

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

पहिलो संस्करण २०३०
दोस्रो संस्करण २०३१
तेस्रो संस्करण २०३२

मूल्य ७।५९

श्री ५ को सरकार, जनक शिक्षा सामग्री केन्द्र, एजुकेशन प्रेसमा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु।"

—श्री ५ वीरेन्द्र

स्वर्गीय

श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्पराअनुसार शिक्षालाई आजको बदलिंदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ । यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो ।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ । त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ । यसर्थ हाम्रा देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाअनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकका सबै बालबालिकाहरूलाई उपलब्ध गराइँदैछन् । यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून् ! यही मेरो हार्दिक कामना छ ।

प्राक्कथन

परिवर्तन विकासको सोपान हो। देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो ।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिका लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ । राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियता-प्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गरिदिने राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ।

यी लक्ष्यअनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूलका उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित हुने भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ।

श्री ५ को सरकारको शिक्षानीति अनुकूल र वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालक-बालिकाहरूका लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्यपुस्तकहरू तयार गराउने व्यवस्था भएको छ । प्रमुख विषयका सबै पाठ्यपुस्तक-हरू लेखाउने र छपाउने, यी पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने गराउने र पाठ्यपुस्तकहरूका उन्नतिका लागि अनुसन्धा नकार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन् । यिनै उद्देश्यानुरूप यो पुस्तक लेख्ने काम भएको हो।

यो पुस्तक श्री पारसमणि आचार्यको सरसल्लाह र सहयोगमा श्री रमेशकान्त पौडेलले लेख्नुभएको हो ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ।

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जनक शिक्षा सामग्री केन्द्र

विषय–सूची

खण्ड–एक

बिहानीको गीत	(कविता)	१
दुम्सी, लोखर्के र मैनाचरी	(प्रबन्ध)	४
श्रवणकुमार र आँधीखोला	(कथा)	१०

खण्ड–दुई

फूलपाती	(प्रबन्ध)	२०
अर्को पाठशाला हेर्न जादा	(कथा)	२९
मेरो सानो खरायो	(कविता)	४२
मावली जाँदा	(प्रबन्ध)	४५

खण्ड–तीन

मुजूर	(कथा)	६०
साटोभन्दा बाठो छु	(कविता)	६८
हामी नेपाली	(प्रबन्ध)	७१
लेकको गीत	(कविता)	७८

खण्ड–चार

बालदिवस	(प्रबन्ध)	८४
बीरबहादुरको जुक्ति	(कथा)	९३
बिर्सन नहुने दिन	(प्रबन्ध)	१०२
शब्दसूची		११७

खण्ड एक

बिहानीको गीत

—गणेश "विषम"



चिरबिर गर्छ गौंथली हाम्रै घर आँगनमा
फुरफुर गर्छ पुतली हाम्रै फूलबारीमा ॥
हाम्रा राम्रा बनचरी बिहानी पो डाक है
आजभन्दा भोलि झन् अझ राम्रो पार है ॥१॥

के के भन्छौ पालुवा बोलेजस्तै गरेर
हाम्रै बन डाँडामा तिमीहरू झुलेर ॥

हामी त बालक साना छौं सबै राम्रो देखतछौं
बारीकै फूल टिपेर बिहानीलाई पुज्दछौं ॥२॥



हिमालका चुलीमा सूर्यका ज्योति छरिए
पहेंलपुर भुइँमा हिमाली पाखा चम्किए ॥

धोबिनी चरी बसेर फूलबारीमा गाउँछे
विकासको बिहानी सूर्यसँगै आउँछे ॥३॥

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) बिहानीलाई कसले डाक्छ ?

(ख) हामीले बिहानीलाई कसरी पुज्छौं ?

(ग) फूलबारीमा कसले गाउँछ ?

२. खाली ठाउँ भरः

(क) फुरफुर गर्छ.....हाम्रै.....बारीमा।

(ख) हामी त.....साना छौं.....देख्तछौं।

(ग) विकासको.....सूर्यसँगै.....।

३. ठीक भए यो √ चिनु लगाऊ । ठीक नभए यो × चिनु लगाऊः

(क) चिरबिर गर्छे भँगेरी हाम्रै खेतबारीमा

(ख) केके भन्छौ पालुवा बोलेजस्तो गरेर

(ग) हिमालका चुलीमा सूर्यका ज्योति छरिए

(घ) हाम्रा राम्रा फूलचरी हाम्रै फूलबारीमा

(ङ) विकासको बिहानी सूर्यसँगै आउँछे

दुम्सी, लोखर्के र मैनाचरी

एउटा जङ्गलमा दुम्सी, लोखर्के र मैनाचरी बस्थे। तिनीहरू ज्यादै नै मिलेका थिए। मैनाचरी र लोखर्के आहारा खोज्न जान्थे। साँझमा लोखर्के र मैनाचरी फर्कंदा दुम्सी खाना खोज्न निस्कन्थ्यो। तैपनि तिनीहरूमा अनौठो मित्रता थियो। तिनीहरूले आरामपूर्वक दिन बिताएका थिए।

सधैँजसो तिनीहरू एक ठाउँमा भेट्ने गर्थे। दिनभरका दुःख सुखका कुरा गर्थे। आफ्ना बितेका जीवनका घटना सुनाउँथे। जङ्गल जङ्गलका खबर भन्थे। राजकुमार र राजकुमारीका कथा भन्थे। कहिले मान्छेका गुण अवगुण भन्थे। कहिले पशुपन्छीको जीवनी सुनाउँथे। कहिलेकाहीं गाउँखाने कथा भनेर आनन्द मनाउँथे। मीठो बोली हुनाले मैनाचरीले हरेक दिन एउटा गीत गाउनै पर्थ्यो। यस्तै प्रकारले रमाइलै रमाइलोसँग उनीहरूको दिन बित्दै थियो।

तिनीहरू एक आर्कोलाई ज्यादै नै माया गर्थे । कुनै मीठो चीज पाए भने बाँडेर खान्थे । राम्रो कुरा सुने भने सबैलाई सुनाउँथे। नयाँनयाँ कुरा हेर्न तीनैजना सँगै जान्थे। सधैँ एकै ठाउँमा मात्र बस्तैनथे । जङ्गलजङ्गलको यात्रा गर्थे । जङ्गलजङ्गलबाट नयाँनयाँ कुरा जानेका थिए । नयाँनयाँ ठाउँ देखेका थिए । यसरी तीनैजनाले रमाइलैसँग दिन बिताएका थिए ।

एक दिन जङ्गल घुमेर फर्कंदा दुम्सी, लोखर्के र मैनाचरी आफूआफूले देखेका कुरा भन्दै थिए।

मैनाचरीले भन्यो– जङ्गल घुमेर आउँदा त मैले दुम्सी दाइ र लोखर्के दाइ नै सबैभन्दा ठूलो ठानें । हेर्नुहोस् जता गए पनि दुम्सी दाइ र लोखर्के दाइकै महत्त्व बढेको ।

दुम्सीले भन्यो– त्यसो कहाँ हो र ! तपाईं र लोखर्केको पो त महत्त्व छ । मूसा जस्तो मुख भएको मलाई कसले खोज्छ र ? फेरि मेरो जीउभरि काँढैकाँढा मात्र छन् ।

तपाईं कति मीठोसँग बोल्नुहुन्छ। सानो राम्रो चरी हुनुहुन्छ। भुर्रभुर्र उड्नुहुन्छ। लोखर्के पनि कस्तो चलाख हुनुहुन्छ। जस्तोसुकै रूखमा पनि सजिलैसँग चढ्न सक्नुहुन्छ। म त भुइँमा मात्र दौडने न हुँ।

दुम्सीको कुरा लोखर्केलाई चित्त बुझेन। दुम्सीले आफ्नो बढ्याइँ गरे जस्तो लाग्यो। लोखर्केले ठान्यो– म पनि ठूलो महत्त्वको कहाँ छु र ?

लोखर्केले भन्यो– हैन दुम्सीदाइ तपाईंको कुरा मलाई पटक्कै मन परेन। म त्यति ठूलो कहाँ छु र? म त लोखर्के खुरूखुरू रूख र चौरमा दौडने जातको हुँ। मसँग कति अवगुण छन्। मान्छेले कसरी मलाई डाहा गर्छन्। बरु तपाईं र मैनाचरी नै ठूलो हुनुहुन्छ। मैनाचरीको मीठो बोलीले मान्छेहरू लोभिन्छन्। मैनाचरी पाए भने मान्छेले कसरी माया गरेर पाल्छन्।

तपाईंलाई पनि मान्छेले राम्रो ठानेका छन्। तपाईंका काँढा मान्छेलाई कति काम लाग्छन्। मान्छेका घाउ, खटिरा फोर्न तपाईंका काँढा चाहिन्छन् रे। तपाईंका काँढामा विष छैन रे। फेरि त्यति मात्र हो र! तपाईंको भुँडी पनि त मान्छेलाई काम लाग्छ नि? मान्छेलाई दमको रोग लाग्यो भने तपाईंकै भुँडी चाहिन्छ भन्छन् नि ?

लोखर्केको कुरा मैनालाई चित्त बुझ्यो । उसले पनि दुम्सीलाई भन्यो– दुम्सीदाइ साँच्ची नै तपाईं असल हुनुहुन्छ बा। तपाईंका काँढालाई नेपालीहरूले धर्मको रूपमा लिएका छन्। नेपालीका छोराछोरीका बिहे र बर्तमनमा (व्रतबन्धमा) तपाईंका काँढाको कत्रो महत्त्व छ । कुनैकुनै नेपाली स्वास्नीमान्छेहरू तपाईंकै काँढाबाट सिउँधो काढ्छन् ।

फेरि लोखर्केदाइको पनि महत्त्व कम छैन । उहाँको छालाको कत्रो महत्त्व छ। मान्छेले उहाँको छालाबाट जाडोमा लाउने पन्जा, टोपी, खुकुरी राख्ने दाप बनाउँछन् ।

दुम्सीले भन्यो– मसँग गुणैगुण कहाँ छन् र ? फेरि म ज्यादै कातर पनि छु। मान्छे देखनेबित्तिकै मेरो आङ् जिङ्ग्रिङ्ग हुन्छ। डरले काँढा ठिङ्रिङ्ग ठडिन्छन् । बरु एउटा खुशीको कुरा के त भने बाघ म बसेको ठाउँमा आउँदै आउँदैन ।

दोष त मेरा पनि नभएका कहाँ हुन् र। फलफूल मैले नै जूठो हालिदिन्छु। मान्छेहरू मलाई न्याउरीमूसोजस्तो ठान्छन्– लोखर्केले भन्यो ।

यतिबेलासम्म मैनाचरी चुप थियो । उसले सोच्यो– मेरो कुनै गुण छैन । खाली मीठो बोलीको भरमै मान्छेहरूले मलाई पिँजडामा थुनेर राख्छन्। पखेटा नै कूँजो बनाउँछन्।

मेरो अरू दाज्यूभाइले यस्तो कष्ट कति भोग्दा हुन् ।

यस्तै प्रकारले ती तीन प्राणी म सानो छु, तिमी ठूला छौ भन्दथे । उनीहरूमा सेखी पटक्कै थिएन । आफ्नो दोष आफैं देखाउँथे । अर्काको प्रशंसा मात्र गर्थे ।

हुनपनि सेखी नगर्नु सबैभन्दा ठूलो गुण हो । भान्छे घमण्डी हुनुहुँदैन । घमण्डले मान्छेलाई कहिल्यै राम्रो बनाउँदैन ।

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) दुम्सी, लोखर्के र मैनाचरी कहाँ बस्थे ?

(ख) दुम्सी, लोखर्के र मैनाचरीको भेट हुँदा केके कुरा हुन्थ्यो ?

(ग) उनीहरूले नयाँनयाँ कुरा कहाँबाट जानेका थिए ?

(घ) दुम्सीको काँढा के को लागि काम लाग्छन् ?

(ङ) मैनाचरी किन सबैको प्यारो थियो ?

२. खाली ठाउँमा भरः

(क) तैपनि तिनीहरूमा ..... मित्रता थियो ।

(ख) मान्छे देख्नेबित्तिकै मेरो आङ् ..... हुन्छ ।

(ग) मान्छेहरू मलाई ..... ठान्छन् ।

(घ) घमण्डले मान्छेलाई कहिल्यै . . . बनाउँदैन ।

३. ठीक भए यो √ चिनु लगाऊ । ठीक नभए यो × चिनु लगाऊः

(क) दुम्सी दिनभरि सुत्थ्यो ।

(ख) मैनाचरी सधैं रोइनै रहन्थ्यो ।

(ग) लोखर्केका जीउभरि काँढा थिए ।

(घ) मैनाचरीलाई मान्छेहरू लखेट्छन् ।

(ङ) मान्छेमा घमण्ड हुनुहुँदैन ।

४. वाक्य पूरा गरः

(क) आफ्ना . . जीवनका . . . . सुनाउँथे ।

(ख) मैनाचरीको . . . बोलीले . . . . लोभिन्छन् ।

(ग) नेपालीका . . . बिहे र बर्तमनमा . . . . . कत्रो महत्त्व छ ।

५. तलका शब्दहरूबाट वाक्य बनाऊः

मित्रता, सुख, दुःख, कथा, माया, देश, गुण, अवगुण, दोष, डर, मीठो, भुँडी, धर्म, बिहे, प्रशंसा, घमण्ड, राम्रो, बर्तमन, काँढा ।

श्रवणकुमार र आँधीखोला

पाठशालाका सबै विद्यार्थी बनभोजमा हिंडेका थिए। गुरुआमाले मीठामीठा कुरा गरेर उनीहरूलाई हँसाउँदै हुनुहुन्थ्यो। विद्यार्थीहरू खुशीले दौडँदै थिए। चारैतिर रमाइलैरमाइलो थियो। बाटामा एउटा ठूलो दह देखियो।

दिनेशले सोधे– गुरुआमा! यो दहको नाम के हँ?

यो अन्धाअन्धी दह हो– गुरुआमाले भन्नुभयो।

किन अन्धाअन्धी दह भनेको गुरुआमा?– कमलाले सोधिन्।

गुरुआमाले भन्नुभयो– यसको लामो कथा छ। म पछि

भनुँला । हेर, नौ बज्न लाग्यो । तिमीहरूलाई भोक लागिसक्यो होला ।

विद्यार्थीहरू लिएर गुरुआमा चौरको माझमा रूखको छायामुनि जानुभयो । ओहो ! कति रमाइलो चौर । पानी पनि नजीकै रहेछ । सबै विद्यार्थीहरू चौरमा दौडन लागे । विद्यार्थीहरू हर्षले रमाएका थिए । गुरुआमाले सबै विद्यार्थी-हरूलाई खाजा खाने बेला भयो भनी बटुल्नुभयो । सबै विद्यार्थी घेरामा बाटुलो हुने गरी बसे ।

ज्ञानुले भने– गुरुआमा ! अन्धाअन्धी दहको कथा भन्नुहोस् न । आज गुरुआमाले रमाइलो कथा भन्नैपर्छ भनेर सबैले करलाए ।

खाजा त घरमै पनि खाइन्छ नि, कथा पो सुन्न पाइन्न– दिनेशले भने ।

गुरुआमा ! हामीलाई राम्रो कथा सुनाउनुहोस्– सबैले एकै स्वरमा भने ।

गुरुआमाले भन्नुभयो– हुन्छ, म अन्धाअन्धीको रमाइलो कथा सुनाउँछु ।

सबै विद्यार्थीहरूले गुरुआमालाई घेरे । विद्यार्थीहरूका आँखा गुरुआमातिर थिए। रमाइलो कथा सुन्न पाइने खुशीले विद्यार्थीहरू रमाए ।

गुरुआमाले भन्नुभयो– हेर, यो कथा तिमीहरूले ध्यान दिएर सुन्नुपर्छ । म फेरि भोलि कक्षामा सोध्छु नि ।

हुन्छ, हुन्छ गुरुआमा । भन्नुहोस् भनी सबैले एकै स्वरमा भने ।



आजभन्दा धेरैधेरै वर्षअघि तिमीहरूजस्तै एउटा ज्ञानी बालक थिए । उनको नाम श्रवणकुमार थियो । श्रवणकुमार

ज्यादै असल थिए । आमाबाबुको धेरै सेवा गर्थे । मन लाएर पढ्थे । उनका आमाबाबु आफ्नो छोराको असल बानीबाट ज्यादै नै खुशी थिए । तर उनका आमाबाबु भने दुवै जना आँखा नदेख्ने अन्धा थिए । अन्धा आमाबाबुलाई हातले डोऱ्याईडोऱ्याई श्रवणकुमार यताउता लैजान्थे । यसरी उनले आफ्ना बाबुआमालाई पालेका थिए । उनीहरू एउटा सानो खरको झुपडीमा बस्थे । उनीहरूको त्यो झुपडी गाउँको छेउमै थियो ।



एकदिन अन्धा आमाबाबुलाई त्यही कुटीमा राखी कुवामा पानी लिन बालक श्रवणकुमार गाग्री बोकेर गए । रित्तो गाग्री कुवामा डुबाउँदा बनहात्ती कराएजस्तो आवाज

निस्क्यो। त्यसै समयमा अयोध्याका राजा दशरथ शिकार खेल्दैखेल्दै त्यहीं आइपुगेका रहेछन्। रित्तो गाग्री कुवाको पानीमा डुबाउँदाको शब्द राजाको कानमा हात्ती कराएको जस्तो गरी परेछ। बनहात्ती नै हो भन्ने लागेर राजाले तुरुन्त बाण छाडेछन्।

कसलाई बाणले हाने, गुरुआमा ?– दिनेशले सोधे।

श्रवणकुमारलाई– गुरुआमाले भन्नुभयो।

बाण गएर श्रवणकुमारको तिघ्रामा रोपियो। त्यही समयमा राजाले बालक रोएको झट्ट सुने। राजा दशरथ आवाज आएतिरै दौडेर गए। दशरथले बालकको तिघ्राबाट रगत बगिरहेको देखे। अनि झटपट जडीबूटी खोजेर घाउमा औषधी लगाइदिए। दशरथले बालकलाई फुल्याए। घर पुऱ्याइदिन्छु भनी बोकेर हिंडे।

कमलाले सोधिन्– अनि के भयो त गुरुआमा ?

गुरुआमाले भन्नुभयो– श्रवणकुमार घाइते भएको कुरा अन्धाअन्धीले अरू मानिसबाटै तुरुन्तै सुने। उनीहरू धेरैधेरै रोए। रुँदारुँदै उनीहरूका आँसु सकिएछन्। यो दह यिनै अन्धाअन्धीका आँसुबाट बनेको हो भन्ने भनाइ छ। यही नै आँधीखोलाको मुहान हो। यहाँबाट नै आँधीखोला निस्केर स्याङ्जा जिल्लामा बग्दछ।

बालक श्रवणकुमार कस्ता ज्ञानी रहेछन् । आमा-बाबुको कस्तो सेवा गर्दारहेछन् । सबै कुरा त तिमीहरूले जानिहाल्यौ । तिमीहरू पनि श्रवणकुमार जस्तै असल र ज्ञानी बन्नुपर्दछ– गुरुआमाले भन्नुभयो ।

नोट– आँधीखोला गण्डकी अञ्चल, स्याङ्जा जिल्लाको प्रसिद्ध खोला हो । अन्धाअन्धीको कथा ज्यादै प्रसिद्ध छ । यसको मुहान पर्वत जिल्लाको आठघरे पञ्चायतमा पर्छ ।

नमूना अभ्यास

१. तलका प्रश्नको उत्तर देऊः

(क) बनभोज केलाई भन्दछन् ?

(ख) अन्धाअन्धी को थिए ?

(ग) श्रवणकुमारले आमाबाबुको कसरी सेवा गर्थे ?

(घ) श्रवणकुमारलाई कसले बाण हान्यो ?

(ङ) आँधीखोला कसरी बन्यो ?

२. खाली ठाउँमा मिल्दो शब्द राख :

(क) यो अन्धाअन्धीको .... हो ।

(ख) श्रवणकुमार ज्यादै .... थिए ।

(ग) बाण श्रवणकुमारको .... मा रोपियो ।

(घ) यो दह .... बाट बनेको हो ।

(ङ) तिमीहरू पनि श्रवणकुमार जस्तै....बन्नुपर्दछ ।

३. ठीक भए यो √ चिनु लगाऊ, ठीक नभए यो × चिनु लगाऊ :

(क) गुरुआमाले सबैलाई दौडाउनुभयो ।

(ख) कथा सुन्न विद्यार्थीहरू रमाएका थिए ।

(ग) अन्धाअन्धी शहरको बीचमा बस्थे ।

(घ) छोराको खबर सुन्दा अन्धाअन्धी धेरै हाँसे ।

(ङ) श्रवणकुमार ज्ञानी असल बालक थिए ।

४. तलका शब्दहरूबाट वाक्य बनाऊ :

रमाइलैरमाइलो, ठूलो दह, खाजा खानु, गुरुआमालाई, जडीबूटी, माया, ज्यादै, डोऱ्याउनु ।

५. प्रश्न नं. ३ मा चिनु लगाएका शब्दहरू तलका खाली ठाउँमा सुहाउँदो गरी राख :

(क) बाबाले घोडा .... ।

(ख) छोरो पास भएको सुनेर आमाबाबु .... ।

(ग) राम्रो खेल्न पाउँदा सबै विद्यार्थीहरू .... ।

(घ) श्रवणकुमारका आमाबाबु गाउँमा .... ।

खण्डको आखिरमा

१. तिमीहरूले यिनीहरूलाई कुनकुन पाठमा पढ्यौ ? बताऊः गौंथली, धोबिनीचरो, मैनाचरी, अन्धाअन्धी र खरको झुपडी ।

२. तलका पाठहरूमा तिमीलाई सबैभन्दा कुन राम्रो लाग्यो ? बिहानीको गीत, दुम्सी, लोखर्के, मैनाचरी, श्रवणकुमार र आँधीखोला ।

३. दुम्सी, लोखर्के र मैनाचरीमा केके गुण हुन्छन् ?

४. श्रवणकुमारलाई तिमी के ठान्छौ ? (ज्ञानी, आमाबाबुको सेवा नगर्ने, मतलवी र परोपकारी)

५. तलका वाक्यहरू कुन पाठबाट झिकिएका हुन्, खाली ठाउँमा लेख ।

(क) हामी त साना बालक छौं । सबै राम्रो देख्तछौं । . . . . . .

(ख) तिनीहरू एक आर्कोलाई ज्यादै माया गर्थे, मीठो चीज पाए बाँडेर खान्थे । . . . . . .

(ग) खाजा त घरमा पनि खाइन्छ नि, कथा पो सुन्न पाइन्न । . . . . . .

६. कसले कसलाई भनेको हो ?

(क) मसँग गुणैगुण कहाँ छन् र । फेरि म ज्यादै कातर पनि छु । मान्छे देख्नेबित्तिकै मेरो आङ् जिङ्ग्रिङ्ग हुन्छ, डरले काँडा ठिङ्रिङ्ङ ठडिन्छन् ।. . . . . .

(ख) तिमीहरूजस्तै एउटा ज्ञानी बालक थिए । उनको नाम श्रवणकुमार थियो । उनी ज्यादै असल थिए । मन लाएर पढ्थे । आमाबाबुको खूब सेवा गरेका थिए । . . . . . .

७. यो भन्नेलाई चिनु लगाऊः

(क) बारीकै फूल टिपेर बिहानीलाई पुज्दछौं ।

(बालक, मैनाचरी, श्रवणकुमार)

(ख) तपाईं कति राम्रो चरी हुनुहुन्छ । भुर्रभुर्र उड्नु-हुन्छ । (दुम्सी, गुरुआमा, दशरथ)

(ग) श्रवणकुमार घाइते भएको कुरा अन्धाअन्धीले अर्कै मान्छेबाट सुने । रुँदारुँदै उनीहरूका आँसु सकिएछन् । (लोखर्के, गुरुआमा, अन्धाअन्धी, श्रवणकुमार)

८. फरक देखाऊः

(क)	(ख)
चम्किए	चम्क्यो
दिन	रात
दुःख	सुख
डाह गर्नु	हेलाँ गर्नु
रमाउनु	आश्चर्य मान्नु

खण्ड दुई

फूलपाती

हाम्रो सबैभन्दा ठूलो चाड दशैं हो । फूलपाती यो चाडभित्रकै खूब रमाइलो दिन हो । दशैंको शुरू घटस्थापनाको दिनदेखि हुन्छ । यसै दिनदेखि पूर्णिमासम्म सबै तहका विद्यालयलाई बिदा हुन्छ । आश्विन शुक्ल प्रतिपदा (परेवा) को दिन विधिअनुसार जमरा राखिन्छ । यसैको सातौं दिन सप्तमी पर्छ । यसै दिन फूलपाती भित्र्याइन्छ । यस दिनलाई फूलपाती भन्ने चलन छ ।

हाम्रो देशमा फूलपाती भित्र्याउने दिन खूब रमाइलो हुन्छ । फूलपातीको दिनमा बेलपत्र, अमलापत्र, केराको बोट वा पात, टुप्पोसमेत भएको उखु र अदुवाको बोट नभै हुँदैन । अनि यी पाँचै थोक जम्मा गरिन्छन् । काठमाडौं बाहिरका जिल्लाहरूमा मौलो र कोत भएको ठाउँमा विधिपूर्वक पूजा हुन्छ । अनि त्यहीं बली पनि दिने चलन छ । त्यसै दिन बाटो-घाटो बनाउँछन् । घर आँगन सफा सुग्घर र लिपपोत गर्छन् । अनि चलन र परम्पराअनुसार आ-आफ्ना घरमा फूलपाती भित्र्याइसकेपछि महाकाली, महालक्ष्मी र महासरस्वतीको पूजा गरिन्छ । यसै दिन पढ्ने पुस्तकको पनि पूजा गरिन्छ ।



फूलपातीका दिन काठमाडौंमा अझ झन् रमाइलो हुन्छ । टुँडिखेलको शाही सैनिक मञ्च अगाडि बढाइँका लागि शाही सैनिक जवान ताँतीमा रहेका हुन्छन् । विदेशी अतिथिहरूलाई पनि फूलपातीको बढाइँ हेर्न शाही सैनिक मञ्चमा निम्ता गरिन्छ । जङ्गी तथा निजामती कर्मचारीहरू उर्दीको पोशाकमा हाजिर हुन्छन् । टुँडिखेलको वरिपरि धेरै मानिसहरू जम्मा भएर फूलपातीको बढाइँ रमाइलो मानेर हेर्दछन् ।

शाही सैनिक मञ्चमा श्री ५ महाराजाधिराज सरकारको सवारी हुन्छ । शाही सैनिकका जवानले श्री ५ महाराजाधिराज



सरकारमा सलामी चढाउँछन् । अनि शाही सैनिकका जवानबाट फूलपातीको बढाइँ शुरू हुन्छ ।

उता हनुमानढोकामा पनि उर्दीका पोशाकमा कर्मचारी हाजिर भैसकेका हुन्छन् । पञ्चैबाजा बजिरहेका हुन्छन् । बढाइँ पनि भैरहेको हुन्छ । हनुमानढोकाको जमराघरबाट पूर्णकलश बाहिर ल्याइन्छ । सबैभन्दा अगाडि पञ्चैबाजा लगाइन्छ, अनि अरू किसिमका बाजा राखिन्छन् । यसका पछि झल्लरी छाता ओडाइएको पूर्णकलश हुन्छ । बीच-बीचमा बन्दूक पड्काई बढाइँ गरिन्छ । पछिपछि कर्मचारीहरू रहन्छन् । यसरी हनुमानढोकाबाट जमलतर्फ फूलपाती लिन



ठूलो जनसमूह ताँती लागेर जान्छ ।



हाम्रो परम्पराअनुसार काठमाडौंमा गोरखाबाट फूलपाती ल्याउने चलन छ । यसैदिन गोरखाबाट ल्याएको फूलपाती काठमाडौं भित्र्याइन्छ । त्यही गोरखाबाट ल्याइएको फूलपाती जमलनिर राखिएको हुन्छ । जमल रानीपोखरीको उत्तरपट्टिको छेउमै पर्छ । फूलपाती लिन हनुमानढोकाबाट आएको जनसमूह यसै ठाउँमा रोकिन्छ । अनि विधिअनुसार पूजा गरी बढाइँ गरेपछि मात्र गोरखाबाट ल्याइएको त्यो फूलपाती डोलीमा राखिन्छ ।

पूर्णकलशलाई झल्लरी छाता ओडाइन्छ । कलस्यौलीका

दायाँ बायाँ मङ्गल गाउने केटीहरू हुन्छन् । यसपछि फूलपाती राखिएको डोली रहन्छ । यसरी जमलबाट फूलपाती लिएर कर्मचारीको ठूलो समूह हनुमानढोकामा नै फर्कन्छ । फर्कंदा पनि पञ्चैबाजा र अरू किसिमका बाजाहरू बजाई बीच-बीचमा बढाइँ भैरहन्छ । फूलपाती कमलाक्षी, असन, इन्द्रचोक र मखन हुँदै हनुमानढोका पुऱ्याउँछन् । अनि यसलाई जमराघरमा भित्र्याउने काम हुन्छ ।

श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी-सरकारहरू हनुमानढोका सवारी होइबक्सन्छ । हनुमानढोकाको



जमराघरमा महाकाली, महालक्ष्मी, महासरस्वतीको पूजा हुन्छ। राजारानीबाट प्रसाद लिइबक्सन्छ। अनि भवानीलाई दाहिने पारी सरकारहरूको नारायणहिटी दरबारमा फिर्ती सवारी हुन्छ। सरकारको फिर्ती सवारी भैसकेपछि फूलपाती भित्र्याउने काम सकिन्छ। यसै दिनदेखि पूर्णिमासम्मका लागि अधिराज्यभरिका अरू कार्यालयलाई पनि बिदा दिइन्छ।

नमूना अभ्यास

१. तिमीलाई कत्तिको थाहा छ प्रष्ट उत्तर देउः

(क) हामीले दशैं कहिले मनाउँछौं ?

(ख) फूलपाती कहिले पर्छ ?

(ग) फूलपातीमा केके हुन्छ ?

(घ) फूलपाती चाड तिमी कसरी मनाउँछौ ?

२. तलका कुराहरू ठीक छन् छैनन् । ठीक जतिमा यस्तो √ चिनु लगाऊः

(क) फूलपातीमा पाठशाला जानु पर्दैन ।

(ख) फूलपातीमा नाचघरमा बढाइँ गरिन्छ ।

(ग) फूलपातीको रमाइलो बढाइँ हेर्न राजारानीको सवारी हुन्छ ।

(घ) फूलपातीमा सबै कर्मचारीलाई बिदा हुन्न ।

(ङ) फूलपाती दशैंभित्रको चाड हो ।

३. तलका वाक्यमा मिल्दो शब्द छानी खाली ठाउँ पूरा गरः

(क) फूलपाती भित्र्याउने दिन ..... हुन्छ ।
(रमाइलो, अनौठा)

(ख) फूलपातीमा कर्मचारीहरू ..... हुन्छन् ।
(उर्दीको पोशाकमा, साधारण लुगामा)

(ग) फूलपातीमा . . . . . पूजा हुन्छ ।
(महादेवको, महालक्ष्मीको)

४. तलका शब्दहरूबाट वाक्य बनाऊः

अदुवा, अमला, जमरा, पुस्तक, केराको बोट, बेलपत्र, छाता, कलश, डोली, बाजा, फूलप्रसाद ।

५. तलका जोडिएका शब्दहरू छुट्ट्याऊ :

आश्विनशुक्लप्रतिपदा, बोटवापात,
मङ्गलगाउनेकेटीहरू, ताँतीलागेरजान्छ,
बलीपनिदिने, चलनरपरम्परा, विधिअनुसारपूजा ।

अर्को पाठशाला हेर्न जाँदा

गुरुआमा ! आज तपाईंले अर्को पाठशाला हेर्न जाने भन्नुभएको होइन ?– इन्दिराले सोधिन् ।

दीपक आउँदैछन् , उनी आएपछि जाउँला– गुरुआमाले भन्नुभयो ।

दीपक पनि आइपुगे, अनि सबै विद्यार्थीहरू झोला बोकेर हिंडे ।

गुरुआमा ! यो बनको बाटो जाने हो र ? इन्दुले सोधिन् ।

यो त्यति ठूलो बन छैन । त्यही पल्तिर त होनि पाठशाला । फेरि यो बाटो जाँदा तिमीहरूले ऐंसेलु, काफल खान पाउँछौ । यो बाटो छोटो पनि छ छिटै पुगिन्छ । बरु भरे फर्कंदा गाउँको बाटो गरी आउँला, गुरुआमाले भन्नु-भयो ।

तिमीहरू राम्री हिँड नि काँढाले लुगा च्यात्ला । किन दौडेको दीपक तिमी ! ठेस लागेर लडिएला फेरि । बनमा एक्लै दौडन हुन्न बा । विद्यार्थीहरूलाई गुरुआमा सम्झाउँदै हुनुहुन्छ ।

गुरुआमा ! यी भुर्र भुर्र गरी उड्ने चराको नाम के हँ ? दीपकले सोधे ।

उः त्यो धोबिनीचरी हो । अर्कोचरो तिमी देख्छौ नि त्यो ढुकुर हो । यिनीहरू विशेषगरेर गाउँकै छेउछाउमा बस्छन् । रूखको टुप्पामा बसेर को हो ! को हो !! भन्ने चरो देखेकाछौ ? त्यो कोइली हो । उः खोलाको तिरैतिर उड्ने चरो छ नि त्यो चिबे (चिभे) चरो हो । आकाशमा अँडिदै उड्दै गर्ने चराको नाम बौंडाइ हो । यो सधैँ यसै गरेर उड्छ । उः अर्कोचाहिँ फिस्टो हो । यसले पातमा गुँड लाउँछ । तिमीहरूले कोटेरो देखेकाछौ ? यसको गुँड धोक्रोजस्तै हुन्छ । जुरेली चरीको नाम त सुनेकै हौला ! यसको टाउकोमा जुरो हुन्छ । त्यसकारण

यसलाई जुरेली भनेको हो ।

तिमीहरूलाई डाँफेचराको कथा सुनाइसकेकी थिएँ । सम्झिरहेकै हौला ।

गुरुआमा ! अस्ति म सूई दिएर घरमा बसेकी थिएँ । मैले डाँफेचराको कथा नै सुनेकी छैन, इन्दुले भनिन् ।

अरू सबैले फेरि पनि डाँफेको कथा सुन्न मन गरे ।

डाँफेको कथा



गुरुआमाले भन्नुभयो– डाँफे हाम्रो राष्ट्रिय चरो हो । यो मदेशतिर पाइँदैन । यो उत्तरी पहाडमा मात्र पाइन्छ । यसको रमाइलो कथा छ । तिमीहरूले ध्यान दिएर सुन ।

एकपटक डाँफेले लामाहरूको सुकाइराखेको बिस्कुन

खाइदिएछ । लामादाइ असाध्य रिसाएछन् । रीसले आँखा नदेखेका लामादाइले डाँफेलाई लखेटेछन् । लामादाइको डरले भागेर बिचरो डाँफे उत्तरी पहाडी भागतिरै दौडेछ । उत्तरी पहाडी भागतिर असाध्य जाडो हुन्छ । जाडोमा लामादाइहरू मदेश झर्ने गर्छन् । तर डाँफेचरो जाडोमा पनि मदेश झर्दै झरेन । लामादाइको डरले बिचरा डाँफे आजसम्म पनि उत्तरी पहाडबाट तराईको मैदानमा झरेकै छैन । अनि त डाँफेले मुरलीचरीसँग बिहे गरेर उतै घरजम गरेर बसेछ ।

गुरुआमा ! काफल पाक्यो, काफल पाक्यो भनेर कराउने कुन चरो हो ?– सुन्दरले सोधे ।

किन यसले काफल पाक्यो, काफल पाक्यो, भनेको गुरुआमा ?– इन्दूले भनिन् ।

गुरुआमाले भन्नुभयो– यसको नामै काफलपाक्यो चरी हो । यसको पनि एउटा रमाइलो कथा छ । तिमीहरूले सुनेकै हौला ।

कस्तो कथा गुरुआमा ! हामीले त सुनेकै छैनौं- दीपकले भने ।

त्यसो भए तिमीहरूले जानेकै रहेनछौ हैन त ?

हो, हामीलाई थाहा छैन– विपिनले भने ।



धेरैधेरै वर्ष पहिले मानिसहरूजस्तै चराहरू पनि बोल्ने गर्थे । मानिसहरूजस्तै चराहरू पनि देश विदेश घुम्न जान्थे । नयाँनयाँ रमाइला ठाउँ हेर्न जान्थे । चराहरूसँग पखेटा हुनाले उनीहरूलाई घुम्न जान सजिलो थियो । तर मानिसलाई भने पखेटा नहुनाले घुम्न जान असजिलो थियो ।

हाम्रा पनि पखेटा भए कस्तरी आकाशमा उड्ने थियौं हैन त गुरुआमा ! दीपकले भने ।



हाम्रा उड्ने धेरै साधन छन् । हवाईजहाज त देखेकै छौ । यसभित्र बसेर मानिसहरू एक देशबाट अर्को देश घुम्न जान्छन् । आजभोलि मानिसहरू रकेटमा बसेर चन्द्रमामा पनि पुगिसके ।

गर्मी पनि भयो । रूखको छहारीमा बसौं । काफल, ऐंसेलु पनि खाउँ । अनि काफलपाक्योचरीको रमाइलो कथा पनि भनुँला– गुरुआमाले सबै विद्यार्थीहरूलाई भन्नुभयो ।

विद्यार्थीहरू रूखको छायामा बसेर गुरुआमासँग कथा सुन्न कर गर्न थाले ।

काफल पाक्यो

धेरैधेरै वर्ष पहिले एउटा सधैँ डुलिरहने चरो थियो । एक दिन त्यस चरालाई देश घुम्न मन लागेछ । देशका मीठामीठा फलफूल खाने इच्छा भएछ । त्यस चराले आफ्नो इच्छालाई रोक्न सकेन छ । त्यही समयमा उसकी स्वास्नीले फुल पारेकी रहिछ । आफ्नो लोग्ने देश घुम्न

जान लागेको देखेर स्वास्नीले म पनि जान्छु भनिछ । देश घुम्न जान लागेको चरोले भनेछ । अहिले तिमी मसँग नहिंड । फेरि तिमीले फुल पारेर ओथारो पनि बसेकिछ्यौ । पछि म आइपुग्छु, बालबच्चा पनि ठूला हुन्छन्, अनि रमाइलो मनाउँला । मीठामीठा फलफूल खाउँला । अनि सबै बालबच्चा लिएर देश घुम्न जाउँला । आनन्दसँग दिन काटौंला । यसरी आफ्नी स्वास्नीलाई फुल्याएर भाले देश घुम्न हिंडेछ । केही समयपछि स्वास्नीले बच्चाहरू काढिछ । बच्चाहरू ठूला पनि भएछन् ।

एक दिन उसको छोराले सोध्यो–आमा! हाम्रा बाबु खै ?

आमाले भनिन्– तिमीहरूका बाबु परदेश घुम्न गएका अहिलेसम्म आएका छैनन् ।

कहिले आउँछन् त आमा ?– छोराले सोध्यो ।

काफल पाकेपछि आउँछु भनेर गएका हुन् ।

काफल कहिले पाक्छ त आमा ?– छोराले सोध्यो ।

चैत, वैशाखतिर– आमाले भनिन् ।

एक दिन ती बच्चाहरूले मानिसहरूले काफल खान लागेको देखेछन् ।

आमा ! यी मानिसहरूले के खान लागेका हुन् ?

–छोराहरूले सोधे ।

काफल खाएका हुन्– आमाले भनिन् ।

त्यसो भए अबता हाम्रा बा पनि आउनुहुन्छ हैन ?

खुशी भएर बच्चाहरूले सोधे ।

अब छिट्टै आइपुग्नु हुन्छ– आमाले भनिन् ।

अनि बच्चाहरूले देश घुम्न गएको आफ्नो बाबुलाई डाक्न थालेछन् ।

कसरी डाके त गुरुआमा ?– दीपकले सोधे ।

हामीले आफ्ना विदेश गएका बाबु, दाजुभाइलाई कसरी डाक्दछौं ?– गुरुआमाले सोध्नुभयो ।

चिठी पठाउँछौं– इन्दुले भनिन् ।

हो, उनीहरूसँग कागत, कलम र मसी थिएन । त्यसकारण उनीहरूले चिठी लेख्न सकेनन् । चिठी लेख्न नसकेपछि उनीहरूले काफल पाक्यो, काफल पाक्यो, भनेर बोलाउन लागे । दुईचार दिनपछि देश घुम्न गएको उनीहरूको बाबु पनि आइपुग्यो । देश घुमेर आउँदा उसले आफ्ना बच्चाहरूलाई मीठामीठा फलफूलहरू ल्याइदिएछ । मीठा-मीठा फलफूल पाएर बच्चाहरू असाध्यै रमाएछन् ।

त्यसै दिनदेखि आजसम्म पनि विदेश गएका आफ्ना बाबु दाजुभाइलाई डाक्न यो चराका सन्तानले चैत, वैशाख-तिर काफल पाक्यो, काफल पाक्यो भन्ने गरिरहेका छन् ।

हेर कथा यही हो, पाठशाला अब धेरै टाढा छैन गुरुआमाले भन्नुभयो । खोइ कहाँनेर हो त पाठशाला ? दीपकले सोधे ।

उः त्यो ठूलो घर देखेनौ ? हो त्यही त हो नि पाठशाला । अब छिट्टै पुग्छौं– गुरुआमाले भन्नुभयो ।

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊ :

(क) विद्यार्थीहरू कहाँ जानलागेका थिए ?

(ख) बनमा केके चीजहरू पाइन्छन् ?

(ग) श्रीपेचजस्तो जुरो भएको चराको नाम के हो ?

(घ) डाँफे चरो कहाँ बस्छ?

(ङ) काफल पाक्यो, काफल पाक्यो भन्ने कुन चरो हो?

(च) अर्को पाठशाला हेर्न कुनकुन विद्यार्थीहरू गएका छन्?

२. खाली ठाउँ भरः

(क) भरे फर्कंदा .... बाटो गरी आउँला ।
(गाउँको, शहरको, जङ्गलको)

(ख) खोलाको तिरैतिर उड्ने .... चरो हो ।
(चिभे, धोबिनी, जुरेली)

(ग) रिसले आँखा नदेखेका लामादाइले....लखेटे छन् ।
(ढुकुर, डाँफे, कोइली)

(घ) पहाडी भागतिर .... असाध्य हुन्छ ।
(घाम, जाडो, हुरी)

(ङ) उनीहरूसँग .... थिएन ।
(मसी, कलम, किताप, कागत)

(च) अब .... कति टाढा छ ।
(घर, पाठशाला, गाउँ)

३. ठीक भए यो √ र ठीक नभए यो × चिनु लगाऊः

(क) अर्को पाठशाला हेर्न विद्यार्थीहरू डोको बोकेर हिंडे ।

(ख) ढुकुर, धोबिनीचरी गाउँको छेउछाउमा बस्छन् ।

(ग) डाँफेले कोइलीचरीसँग बिहे गरेछ ।

(घ) धेरै वर्ष पहिले मानिसका पखेटा थिए ।

(ङ) काफलपाक्योचरी देश घुम्न जान लागेछ ।

(च) काफलपाक्योचरीले आफ्ना बच्चालाई किताब, कलम, मसी ल्याइदिएछ ।

४. वाक्य पूरा गरः

(क) दीपक पनि . . . अनि विद्यार्थीहरू . . . . बोकेर हिंडे ।

(ख) मैले . . . कथा . . . छैन ।

(ग) लामादाइको . . . बिचरो . . . . आजसम्म . . . . बाट . . . मा आएको छैन ।

(घ) यसको नामै . . .हो ।

(ङ) फेरि तिमी . . . पारेर . . . बसेकिछ्यौ ।

(च) हामीले आफ्ना . . . गएका . . . कसरी डाक्छौं ?

(छ) मीठामीठा . . . पाएर . . . रमाएछन् ।

५. तलका शब्दहरूबाट वाक्य बनाऊः

कोइलीचरी, फिष्टो, बिस्कुन, मदेश, मुरलीचरी, घरजम, हवाईजहाज, पखेटा, चिठी, काफल, ऐंसेलु खेल्नेकुरा ।

६. यो कथामा दिइएका राम्रारामा खेल्ने कुरा, मीठा-मीठा फलफूलहरू जस्तै– अरू कुनै १० ओटा शब्द समूहहरू छान र लेख ।

मेरो सानो खरायो

–श्रीमती कल्पना प्रधान

मेरो सानो खरायो
आज कता हरायो
हिजो सँगै सुतेथ्यौं
को पहिले पुग्ने हो
भन्दै हामी कुदेथ्यौं
मेरो सानो खरायो
आज कता हरायो

–१–

कसले देला उसलाई बुबु
कसले देला माम ?
खोजी गर्न लौन आमा
हामी दुवै जाम
मेरो सानो खरायो
आज कता हरायो

–२–

खाट मुनि लुक्यो कि ?
चोक हुँदी घुम्यो कि ?
भालु आई चोरेर
जङ्गलतिर लग्यो कि ?

मेरो सानो खरायो
आज कता हरायो

—३—

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) खरायोले के खान्छ ?

(ख) हराएको खरायो कता गयो होला ?

(ग) खरायोसँग तिम्रो कस्तो बाजी थियो ?

२. खाली ठाउँमा तिमीलाई राम्रो लागेको शब्द राखः

(क) कसले देला खरायोलाई .... । (बुबु, माम, पापा)

(ख) खोजी गर्न लौन ..... हामीसँगै जाम । (बहिनी, आमा, भाइ)

(ग) भालू आई चोरेर. .....तिर लग्यो कि ? (जङ्गल, खेत, पाखा)

३. अर्थ प्रष्ट खुलाऊः

खाट, बुबु, चोक, भालू, बन, जङ्गल, खरायो ।

४. तलका शब्दहरू वाक्यमा प्रयोग गरः

कुद्दथ्यौं, सुतेथ्यौं, खोजी, जाम ।

(साभारः बालक वर्ष ७ अङ्क ८–९ बाट)

मावली जाँदा

प्रकाश र बद्रीको मामाघर नेपालगन्ज हो । आज-भोलि उनीहरूलाई पाठशाला जानु छैन । पाठशाला जाडोको लामो बिदामा बन्द छ ।

प्रकाश र बद्री मामासँग नेपालगन्ज जाँदैछन् । मावली जाने खुशीले उनीहरूका खुट्टा भुइँमा छैनन् । त्रिभुवन हवाई मैदानमा जान्छौं, अनि हवाईजहाजमा बसेर मावली पुग्छौं भन्दै यताउता फरचाकफुरुक गरिरहेका छन् । मूलढोकामा

दुवैपट्टि फूलले भरिएका, अबीरले रङ्गिएका पानीका घडा छन् । प्रकाश र बद्रीकी दिदीले मामा र भाइहरूलाई साइ-तका राता टीका निधारमा लाइदिइन् । अनि हातमा फलफूल र फूलका गुच्छा राखिदिइन् ।

प्रकाश, बद्री, उनीहरूका मामा र अरू पनि धेरै

यात्रुहरूलाई बोकेर हवाईजहाज पश्चिम लाग्यो । प्रकाश र बद्रीले झ्यालबाट बाहिरतिर हेरे ।

कान दुख्ला रुवा राख भनी मामाले भन्नुभयो । दुवै भाइले कानभित्र रुवा राखे । प्रकाश र बद्रीले हवाईजहाजबाट पशुपतिनाथको मन्दिर देखे । अनि दुई हात जोडेर पशुपतिनाथसँग बिदा मागे । फेरि तुरुन्तै रमाइलो काठमाडौं शहर देखे । घण्टाघर, रानीपोखरी, ठूलो टुँडिखेल, अनि भीमसेन स्तम्भ (धरहरा) माथिबाट देख्ता प्रकाश र बद्रीलाई झन् रमाइलो लाग्यो ।

सडकमा हिंडिरहेका मानिस, बस, स-साना देखे । शहरबाहिर हरिया सागपात, लहलह गहूँले झुलेका खेतबारी झन् राम्रा देखिन्थे ।

बद्रीले भने– मामा ! उः सेता अग्लाअग्ला हिमाल हाम्रा नजीकै आउँदैछन् नि ?

ओहो ! हामी त गोरखानेरै पो आइपुगेछौं, मामाले भन्नुभयो । मामाले औंलाले देखाएर सबै हिमालहरू चिनाउनु भयो । उः त्यो दक्षिण फर्केको डाँडाको काखमा रहेको शहर गोरखा हो । उः त्यो झुम्म परेको बनमा मनकामनादेवीको स्थान छ । उः तल देखिने सोझो र लामो मूलबाटो पृथ्वीराजमार्ग हो ।

प्रकाशले औंलाले देखाएर सोधे– मामा ! ती ठूलाठूला दह, सेतो पानी भएको नदी, अग्लाअग्ला हिमालको नाम के हो ?

मामाले भन्नुभयो– सेतो पानी भएको नदीको नाम सेतीगण्डकी हो । ठूलाठूला दहहरू बेगनास र रूपाताल हुन् । उः त्यो धानको थुप्रोजस्तो देखिने अन्नपूर्ण हिमाल हो । अर्को माछाको पुच्छरजस्तो देखिने हिमालको नाम माछापुछ्रे हो ।

बद्रीले मामासँग सोधे– फेवाताल खै त ?

उः त्यो दाहिनेपट्टिको ठूलो ताल त हो नि ।

पोखरामा धेरै तालहरू छन् भन्ने कुरा त तिमीहरूले सुनेकै हौला । अहिले हामी पोखरामाथि उड्दैछौं– मामाले भन्नुभयो ।

प्रकाशले सोधे– मामा ! मामा !! उः त्यो देखिएको हिमालको नाम के हो ?

त्यो ठूलो देखिएको हिमालको नाम धौलागिरी हो । यसै हिमालको नामबाट धौलागिरी अञ्चलको नाम रहेको हो– मामाले भन्नुभयो ।

मामा ! मामा !! उः तल देखिने बाङ्गोटिङ्गो बाटो कुन हो ?– बद्रीले सोधे ।

त्यो देखिएको सिद्धार्थराजमार्ग हो । अहिले हामी स्याङ्जा माथि छौं । अब छिट्टै भैरहवा पुग्छौं– मामाले भन्नुभयो ।

हेर हेर हामीले त भैरहवा काट्नै लाग्यौं । उः त्यो बुद्धको जन्मस्थान लुम्बिनी हो ।

मामा ! पाल्पा कुन हो त ?– प्रकाशले सोधे ।

कुरै कुराले हामीले पाल्पा र पूर्वपश्चिम राजमार्ग हेर्न बिर्सेछौं । पछि घरफर्कंदा पूर्वपश्चिम राजमार्ग र पाल्पा-जस्ता ठाउँहरू राम्री देखाइदिनेछु– मामाले भन्नुभयो

ओहो ! हामी त झिमिक्क नगर्दै गौतम बुद्धको पुर्ख्यौलीको राजधानी माथि पो आइपुगेछौं ।

बुद्धका पुर्खाको राजधानीको नाम के हो मामा !– प्रकाशले सोधे ।

उः खेतको माझमा झुप्प परेको बनजस्तो ठाउँ देख्छौ ? त्यो कपिलवस्तु हो । त्यहाँ तिलौराकोट भन्ने ठाउँ छ । त्यही नै बुद्धका पुर्खाको राजधानी हो । त्यो बनभित्र उनका पुर्खाको भत्केको दरबार छ– मामाले भन्नुभयो ।

मामा ! हेर्नुहोस् त कति ठूलो सम्मपरेको रमाइलो ठाउँ– बद्रीले देखाए ।

अब त हामी भित्री मदेशमा पसिसकेछौं । यो रमाइलो

ठाउँ दाङ् हो । हेर त यो ठाउँ काठमाडौं भन्दा धेरै ठूलो छ– मामाले भन्नुभयो ।

मामा ! अब नेपालगन्ज कति टाढा छ ? प्रकाशले सोधे । कुरा गर्दागर्दै हामी नेपालगन्ज नजीक आइपुगेछौं । अब जहाज उत्रने बेलामा पेटी बाँध्नुपर्छ भनी मामाले पेटी बाँधिदिनुभयो । एकैछिनपछि जहाज रोकियो । सबै जहाज-बाट बाहिर निस्के ।

प्रकाश र बद्रीलाई लिन आएका माइज्यू, ठुल्दाइ र सान्दिदीले खुशीले उचाले, प्यारोसँग म्वाइँ खाए ।

ठुल्दाइ ! त्यो मान्छेले टाउकोमा के बोकेको ?– प्रकाशले सोधे ।

यहाँका भरियाहरू मालसामान यसैगरी टाउकोमा बोक्छन् । गाउँमा नाम्लो लगाएर बोक्छन् । शहरमा नोल लगाएर खर्पनमा बोक्छन् । फेरि शहरमा मालसामान बोक्ने ट्रक र लहरीहरू पनि छन्– ठुल्दाइले भन्नुभयो ।

अब हाम्रो घर कति टाढा छ मामा ?– बद्रीले सोधे ।
धेरै टाढा छैन, अब छिटै पुगिन्छ– माइज्यूले भन्नुभयो ।
यो घोडाले तानेको के हो मामा ?– प्रकाशले सोधे ।
यसलाई टाँगा भन्छन्– मामाले भन्नुभयो ।

प्रकाश र बद्रीले टाँगामा बसेर जान मन गरे ।

मोटरमा गए चाँडै पुगिन्थ्यो, टाँगामा जाँदा ढीलो हुन्छ, मामाले भन्नुभयो ।

हामीले टाँगा चढेकै छैनौं, यसैमा बसेर जाउन माइज्यू, प्रकाश र बद्रीले भने ।

मामाले पनि प्रकाश र बद्रीको इच्छा पुऱ्याइदिनुभयो । सबै टाँगामा चढे ।

टाँगा छिटोछिटो दौडँदै थियो । बाटोमा बद्रीले आइमाईहरूले टाउकोमा पानी बोकेको देखे । तिनीहरूले काठमाडौंमा काखीमा गाग्री च्यापेर पानी बोकेको देखेका थिए ।

मामा यिनीहरूले पानी यसरी किन बोकेका हुन् ।

यिनीहरू थारूजाति हुन् । यिनीहरूले यसै गरी टाउकोमा गाग्री राखी पानी र अरू धेरै सामानहरू बोक्छन् ।

मामा ! उः त्यो रूखमुनि मानिस थुप्रिएका छन् । किन होला ? प्रकाशले सोधे ।

आज सोमबार हो । अरू मदेशमा जस्तै यहाँ पनि सोमबार र शुक्रबार हाटबजार लाग्छ, मामाले भन्नुभयो ।

त्यसो भए मदेशको बजार हेरौं न मामा ? बद्रीले भने ।

हुन्छ, बजार हेरौं । तिमीहरूलाई भोक पनि लाग्यो होला । मिठाई खाऊँ । अनि जाउँला, मामाले भन्नुभयो ।

सबै बजार गए । बद्रीलाई अनौठा लाग्यो । बजारमा रङ्गीचङ्गी धोती लाएका आइमाई थिए । यिनीहरूले थोरै माल सामान राखेर पसल थापेका थिए । कहीं धानबाट चामल साट्दै थिए । कहीं सागपात दिएर नून, तेल लिंदै थिए । पैसाले किन्नेभन्दा साटासाट गर्ने मान्छे धेरै थिए । अर्कातिर सेता, पहेंला, राता धोती लाएका स्वास्नीमानिसहरू भण्टा, मूला, हरिया खुर्सानी, हरिया मकै बेचिरहेका थिए । पूर्वपट्टिको छेउमा मिठाई पसल थियो । मामाले प्रकाश र बद्रीलाई मिठाई र बतासा किनिदिनुभयो ।

उत्तरपट्टिको छेउमा माछाको पसल रहेछ । त्यहाँ

मानिसहरू असाध्य झुम्मिएका थिए । प्रकाश र बद्रीले मदेशको हाटबजार रमाइलो मानेर हेरे ।

बजारबाट फर्कंदा बाटामा प्रकाश र बद्रीले कतै खरले छाएका, कतै माटाका खपडाले छाएका सानासाना घरहरू देखे । त्यसभन्दा अघि कहिल्यै नदेखेको हुँदा मदेशको ठाउँ तिनीहरूलाई नौलो लाग्यो ।

उः त्यो गोरुले तानेर ल्याएको के हो मामा ?– प्रकाशले सोधे ।

त्यसलाई गाडा भन्दछन् । त्यो गोरुगाडामा घिउ



राखेर शहरमा बेच्न लाँदैछन् । मदेशमा गाडाको असाध्य चल्ती छ । मालसामान ओहोरदोहोर गर्ने नै गाडामा हो । तिमीहरूले शहरमा मालसामान लाने र ल्याउने लहरी र ट्रक देखेका छौ । तराईमा भने गाडाकै आवश्यकता पर्छ । धेरैजसो तराई भागमा गाडाकै चल्ती छ ।

मामा ! यहाँको शहर खै त ?– बद्रीले सोधे ।

हेर, हामी नेपालगन्ज शहरनिर आइपुग्दै छौं । उः त्यो ठूलो घर देखेनौ, त्यो सलाई कारखाना हो । अर्को छ नि त्यो घिउ खार्ने घर हो । हेर त यहाँका ठूलाठूला घरहरू ।

हामी बजारको बाटो जाने हैन र मामा ?– प्रकाशले

सोधे। हामी त घरैनेर आइपुग्यौं । बरु भोलि ठुल्दाइ र सान्-दिदीसँग तिमीहरू बजार घुम्न जाउला, मामाले भन्नुभयो ।

मामा ! हाम्रो घर कुन हो त ? बद्रीले सोधे ।



उः त्यही त हो नि, मामाले देखाउनुभयो । सबै टाँगाबाट ओर्ले । भान्जाहरूलाई भोक लागिसक्यो होला । आराम गरौं । बरु भोलि हात्तीमा बसेर घुम्न जाउँला । यहाँ खाली खुट्टाले हिँड्न हुँदैन नि ! सर्प र बिच्छीको डर हुन्छ, माइज्यूले भन्नुभयो ।

हुन्छ माइज्यू, भोलि घुम्न जाने है त प्रकाश र बद्रीले भने ।

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) प्रकाश र बद्रीको मावली कहाँ हो ?

(ख) धौलागिरी अञ्चल कुन हिमालको नामबाट बनेको हो ?

(ग) बुद्धको जन्मस्थलको नाम भन ।

(घ) नेपालगन्जको बजारमा के के पाइन्छन् ?

२. ठीक भए यो √ चिनु लगाऊ र ठीक नभए यो × चिनु लगाऊः

(क) प्रकाश र बद्री मोटरबाट पोखरा गए ।

(ख) सेतो पानी भएको नदी सेतीगण्डकी हो ।

(ग) प्रकाश र बद्रीले पाल्पा र पूर्वपश्चिम राजमार्ग रामृरी देखे ।

(घ) नेपालगन्जमा सलाई कारखाना छ ।

३. एक अर्कोसँग मिलाऊः

(क) लामो सोझो बाटो	(क) अन्नपूर्णा
(ख) धानको थुप्रो जस्तो	(ख) पृथ्वीराजमार्ग
(ग) घोडाले तान्ने	(ग) गाडा
(घ) गोरुले तान्ने	(घ) टागा
(ङ) मदेशको गाउँ	(ङ) धोती लाएका आइमाई
(च) रङ्गीचङ्गी	(च) खपटाका घर

४. वाक्य पूरा गरः

(क) हवाईजहाजमा बसे . . . . . पुग्छौं, भन्दै . . . . . फरचाकफुरुक गर्दैछन् ।

(ख) यसै . . . को नाम बाट . . . . अञ्चल बनेको हो ।

(ग) अहिले हामी . . . . . माथि छौं ।

(घ) कहीं . . . दिएर . . . लिंदै थिए ।

५. तलका शब्दहरूबाट वाक्य बनाऊः

फलफूल, शहर, हिमाल, राजमार्ग, राजधानी, टाँगा, गाडा, मामा, माइज्यू , सलाई, सर्प, बिच्छी ।

खण्डको आखिरमा

१. फूलपातीलाई हामी कसरी मनाउँदै आएका छौं ?

२. फूलपाती पहाडतिर कसरी भित्र्याइन्छ ?

३. अर्को पाठशाला हेर्न जाँदा विद्यार्थीहरूले बाटामा कुन-कुन चरालाई चिने ?

४. डाँफेको रमाइलो कथा भन त !

५. काफल, ऐंसेलु कहिले पाइन्छन् ?

६. तिमीले खरायोसँग कस्तो बाजी थापेका थियौ ?

७. फेवाताल र माछापुछ्रे हिमाल कहाँ पर्दछन् ?

८. मदेशमा कस्तो बजार लाग्छ ?

९. तलका पाठहरू पढेपछि तिमीले केके जान्यौ ?

(फूलपाती, काफल पाक्यो, मावली जाँदा)

१०. अर्को पाठशाला हेर्न जाने विद्यार्थीहरूको नाम भन ।

११. मावली जाँदा बाटाको दृश्य तिमीलाई कहाँ रमाइलो लाग्यो ?

१२. तिमीले यी वाक्यांशहरू कुनकुन पाठमा पढ्यौ ?

(क) उता हनुमान ढोकामा पनि उर्दीका पोशाकमा कर्मचारी हाजिर भैसकेका हुन्छन् । पञ्चैबाजा बजिरहेको हुन्छ । बढाइँ पनि भैरहेको हुन्छ ।

(ख) धेरैधेरै वर्ष पहिले मानिसहरूले जस्तै चराहरू

पनि बोल्ने गर्थे । मानिसहरूजस्तै चराहरू पनि देश विदेश घुम्न जान्थे ।

(ग) कसले देला उसलाई बुबु
कसले देला माम
खोजी गर्न लौन आमा
हामी दुवै जाम

(घ) त्यो देखिने सिद्धार्थ राजमार्ग हो । अहिले हामी स्याङ्जा माथि छौं । अब छिट्टै भैरहवा पुग्छौं ।

१३. यी कुराकानी कसकसको बीचमा भएका छन् ?

(क) आमा ! हाम्रा बाबु खै ?
तिमीहरूका बाबु देश घुम्न गएका हुन्, अहिलेसम्म आएका छैनन् ।
कहिले आउँछन् त आमा ?

(ख) यो घोडाले तानेको के हो ?
यसलाई टाँगा भन्दछन् ।

१४. कुन ठीक छ चिनु देऊः

(क) फूलपाती रमाइलोसँग (तिहारमा, जनैपूर्णेमा, तीजमा, दशैंमा) मनाइन्छ ।

(ख) प्रकाश र बद्रीको मामाघर (गोरखा, स्याङ्जा, भैरहवा, दाङ्, नेपालगन्ज) हो ।

(ग) काफल पाक्ने समय (साउन, भदौ, चैत, माघ, वैशाख र जेठ) हुन्।

१५. के साँचो हो ?

(क) बिहानीको विकास सूर्यसँगै आउँछ त ?

(ख) दुम्सी, लोखर्के र मैनाचरीको साँच्चिकै मित्रता थियो र ?

(ग) अन्धाअन्धीको आँसुबाट खोलो बन्छ र ?

(घ) के फूलपातीमा साच्चि नै रमाइलो हुन्छ त ?

(ङ) के डाँफे मदेश झर्दैझर्दैन त ?

(च) मदेशको बजारमा धानले चामल साट्छन् र ?

१६. तलका शब्दबाट वाक्य बनाऊ :

सुन्नुपर्छ, बटुल्नु, देख्तछौं, मानिस, भण्टा, पाइन्छ, मञ्च, त्यसकारण ।

१७. तलका ठीकठीक भनाइमा यो √ चिनु लगाऊः

(क) दुम्सी घरमा पाल्ने जनावर हो ।

(ख) मैनाचरीले असाध्य राम्रो गीत गाउँछ ।

(ग) श्रवणकुमारलाई दशरथले बाण हानेका थिए ।

(घ) फूलपातीमा कर्मचारीहरू भेला हुन्छन् ।

(ङ) चराचुरुङ्गीहरूले पनि चिठी पत्र लेख्न सक्छन् ।

(च) मावली जाँदा प्रकाश र बद्री हवाईजहाजद्वारा गएका थिए ।

मुजूर

मेघ गर्जंदा र बिजुली चम्कँदा मुजूर नाच्छ, इन्द्रेणी पर्दा मुजूर गाउँछ– गुरुले भन्नुभयो ।

किन त्यसो गरेको गुरु ?– जमिलाले सोधिन् ।

यसको बडो चाखलाग्दो कथा छ । तिमीहरू सुन्छौ त ?– गुरुले सोध्नुभयो ।

हुन्छ गुरु आज यसैको कथा सुन्ने– सबैले एकै स्वरमा उत्तर दिए ।

उहिलेउहिले, धेरै वर्ष अघि सधैँ नाचिरहने एउटा चरो थियो । त्यो चरो असाध्य नाच्थ्यो । उसले मीठो गीत पनि गाउँथ्यो रे । आकाशमा उड्ने सबै चराचुङ्गीहरूले रमाइलो मानेर उसको नाच हेर्थे रे, गीत सुन्थे रे । त्यस चराको नाचगानबाट खुशी भएर सबै चराहरूले त्यसलाई एकोटा आफ्नाआफ्ना राम्रारामा प्वाँख दिएछन् । राम्रा राम्रा धेरै प्वाँख पाएर त्यो चरो असाध्य रमाएछ । उसको जीउमा ती प्वाँखहरू सुहाउनसम्म सुहाएछन् । जुरेलीचरी र डाँफेचरोले चाहिं उसलाई आफ्ना टाउकाका आधाआधा प्वाँख पनि दिएछन् ।

अनि त्यो चरोले म त सबैभन्दा राम्रो भएँ भनेर हिंड्न पो थालेछ । धेरै राम्रो भएकोले अरू चराहरूले त्यसलाई आफ्नो नाइके छानेछ ।

गुरु ! चराका पनि नाइके हुन्छन् ?– प्रमोदहरिले सोधे ।

किन नहुनु, मानिसहरूले जस्तै चराहरूले पनि आफ्नो नाइके छान्ने गर्छन् । आफ्नो नाइकेको आज्ञा पालन गर्छन् । हेर, चराहरू त असाध्य अनुशासनमा रहन्छन् । नाइकेको रेख-देखमा बिहान सबेरै उठ्छन् । साँझमा बर, पीपल, सिमल-जस्ता ठूला रूखमा जम्मा हुन्छन् । अनि उनीहरूले आफ्ना ऐन, कानून र नियम बनाउने गर्छन्– गुरुले भन्नुभयो ।



त्यसोभए नाइकेले के के नियम कानून बनायो त गुरु? रामलालले सोधे ।

त्यो नाइके चरोले बिहान सबेरै उठ्ने, साँझमा दिन-भरका घट्ना सुनाउने, आफ्ना बालबच्चालाई खानेकुरा

ल्याइदिने र प्यारो गर्ने नियम बनाएछ। फेरि त्यसले चराहरू-लाई मीठो गीत गाउन र राम्रो नाच नाच्न पनि सिकाएछ। त्यो खबर स्वर्गमा पनि पुगेछ। स्वर्गका राजा इन्द्रले त्यस नाइके चराको नाच हेर्ने र गाना सुन्ने मन गरेछन्। इन्द्रले त्यो चरालाई बोलाउन आफ्ना सिपाही पठाएछन्। तुरुन्त त्यो चरो स्वर्गमा पुगेछ। अनि इन्द्रलाई नाच देखाउन, गाना सुनाउन लागेछ। नाइके चराको नाच गानबाट इन्द्र असाध्य खुशी भएछन्।

अनि के भयो त गुरु? जमिलाले सोधिन्।

अनि इन्द्रले आफ्नो धनुमा भएको सातैरङ्ग नाइके-चराको प्वाँखमा छर्किदिएछन् । इन्द्रधनुको रङ्गले त्यो नाइके-चरो त अझ राम्रो पो देखिएछ । इन्द्रकी रानीलाई पनि त्यस चराको गीत असाध्य मन परेछ। इन्द्रकी रानीले नाइके-चरालाई काखमा लिइछन्, प्यारो गरेर म्वाइँ खाइछन् । उनलाई सबैभन्दा मन पर्ने राम्रो नाम मयूर राखिदिइछन् ।

मयूर कि मुजूर गुरु ?– रामलालले सोधे ।

इन्द्रकी रानीले त नाइकेचरोलाई मयूर भनेर बोलाउँथिन् रे । तर हामीहरूले भने मुजूर भन्ने गरेका छौं– गुरुले भन्नुभयो ।

अनि नाइके मुजूर स्वर्गमै बस्यो कि पृथ्वीमा पनि आयो त गुरु ?– जमिलाले सोधिन् ।

इन्द्रले आफ्नो बगैंचामा राखेर नाइके मुजूरलाई पालेछन् । इन्द्रका बगैंचाका मीठामीठा फलफूल खाएर त्यो मुजूरले पृथ्वीलाई बिर्सेछ ।

उ कहिल्यै पृथ्वीमा आएन त ?– प्रमोदहरिले सोधे ।

एक दिन त्यस मुजूरले इन्द्रको बगैंचामा ड्लिरहेको शिवजीको सर्पलाई खाइदिएछ । यो कुरा इन्द्रले थाहा पाएछन् । शिवजीको घाँटीमा बस्ने सर्प खाइदिएपछि इन्द्र

डराएछन् । शिवजीको डरले इन्द्रले त्यो मुजूरलाई पृथ्वीमै जाऊ भनेछन् ।

पृथ्वीमा फर्केपछि मैले तपाईंलाई नाचगान कसरी देखाउने त ? मुजूरले इन्द्रसँग सोधेछ ।

तिम्रो गाना सुन्न र नाच हेर्न म आफैं पृथ्वीमा आउनेछु इन्द्रले भनेछन् ।

अनि अनि गुरु ! सबै विद्यार्थीहरू झन् उत्सुक भए ।

पृथ्वीमा आएपछि मुजूरले नाचगान सब बिर्सेछ । धेरैपछि बिजुली चम्केको देख्ता, मेघ गर्जेको सुन्दा मुजूरलाई बल्ल स्वर्गको सम्झना भएछ । अनि त उसले आफ्ना

सबै नाचगान क्रमैले सम्झन थालेछ । त्यसैले आजसम्म पनि मेघ गर्जेको र बिजुली चम्केको समयमा इन्द्र आएकि भनी मुजूर नाच्न थाल्छ । इन्द्रेणी परेको देख्यो भने लौ इन्द्र त धनु बोकेर आएछन् भनी गीत गाउन थाल्दछ ।

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) मुजूर कहिले किन नाच्छ ?

(ख) चराको नाइकेले कस्तो नियम कानून बनाउँछ ?

(ग) मुजूरलाई इन्द्रकी रानीले के भनेर बोलाउँथिन् ?

(घ) इन्द्रेणी कस्तो हुन्छ ?

२. ठीक भए यो √ चिनु र ठीक नभए यो × चिनु लगाऊः

(क) मुजूरको गीत सबैलाई राम्रो लाग्छ ।

(ख) मुजूरका प्वाँखहरू एकै रङका हुन्छन् ।

(ग) इन्द्रलाई मुजूरको गाना मनपरेछ ।

(घ) शिवजीको सर्पले मुजूरलाई खाइदिएछ ।

३. जुन शब्द राम्रो छ, त्यही शब्द खाली ठाउँमा राखः

(क) आकाशमा उढ्ने चराहरूले उनको नाच . . . हेर्थे ।
(अनौठा मानेर, रमाइलो मानेर)

(ख) राम्रारामा प्वाँखहरू पाएर नाइके चरो . . . . . .
असाध्य रमाएछ । (खुशीले, सन्तोषले)

(ग) इन्द्रकी रानीलाई त्यस चराको गीत . . . मनपरेछ ।
(ज्यादै, अलिअलि)

(घ) इन्द्रेणी परेको बेला त्यो चराले . . . थाल्छ ।
(गीत गाउन, नाच्न, उड्न)

४. तलका शब्दहरूबाट वाक्य बनाऊः

मेघ, बिजुली, चरो, आकाश, प्वाँख, नाचगान, स्वर्ग, राजा, सिपाही, रङ, मयूर, पृथ्वी, सर्प, शिवजी, घाँटी ।

लाटोभन्दा बाठो छु

–विष्णुबाहादुर गुरुङ

आमाको कान्छो छोरो म
दाजुको कान्छो भाइ म
बहिनीभन्दा जेठो छु
लाटोभन्दा बाठो छु

फर्सीभन्दा अग्लो छु
ध्वाँसोभन्दा सेतो छु
तिनीभन्दा राम्रै छु
लाटोभन्दा बाठो छु

मैले चढ्ने गरेको
तीनसयसाठी परेको
कुकुरजत्रो घोडा छ
घोडाको अर्को जोडा छ

लैजाऊँ एउटा घोडालाई
हामी दुई जोडालाई
घोडा पनि मिल्नेछ
जोडा पनि मिल्नेछ

नमूना अभ्यास

१. प्रष्टसँग उत्तर देऊः

(क) बाठो मान्छेले के के भन्छ ?

(ख) बाठो मान्छेको घोडा कत्रो छ ?

(ग) उसको घोडालाई कतिमोल परेको रे ?

२. तलका खाली ठाउँमा राम्रो शब्द राखः

(क) आमाको . . . छोरो म ।

(कान्छो, सानो, राम्रो)

(ख) फर्सीभन्दा . . . छु ।
(अग्लो, ठूलो, पुड्के)

(ग) . . . . जत्रो घोडा छ ।
(कुकुर, बिरालो, पाठो)

३. अर्थ प्रष्ट खुलाऊः

कान्छो छोरो, जेठो दाइ, बाठो, लाटो, फर्सी, ध्वाँसो (कालो), घोडा, जोडा ।

(साभारः बालक पत्रिकाबाट)

हामी नेपाली



हामी नेपाली हौं। हाम्रो देश नेपाल हो। हाम्रो भाषा नेपाली हो । हामी संसारमा वीर जातिको नामले चिनिएकाछौं । हाम्रो देशमा ठूलाठूला हिमाल र पहाडहरू छन् । संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा हो । यसको फेदमा नाम्चेबजार छ । सगरमाथा अञ्चल सबैभन्दा अग्लो हिमालको नामबाट बनेको हो । यो हिमाल चढ्न वर्षैपिच्छे धेरैधेरै विदेशीहरू नेपाल आउँछन् ।

नेपाल प्रकृतिको सानो फूलबारी हो । नेपाललाई प्रकृतिले सधैँ सिँगारी राखेको छ । हाम्रो देशमा राम्रारामा, ठूलाठूला तालहरू छन् । रमाइला डाँडाकाँडा, हरिया पाखा-पखेरा छन् । यिनले गर्दा विदेशीहरू हाम्रो देश हेर्न लोभिएका छन् । प्रकृतिले नेपाललाई तीन भागमा बाँडेको छ ।



हिमाली प्रदेश, पहाडी प्रदेश र तराईको मैदानी भाग। हाम्रो देशको सिमाना पूर्व मेची, पश्चिम महाकाली, उत्तर चीन र दक्षिण भारत हो। संसारका सबै मानिसहरू हाम्रा मित्र हुन्। हामीलाई हाम्रो देश प्राणभन्दा पनि प्यारो छ। देश बनाउने काममा हामी सबै सधैँ एक गोल हुन्छौं। देश हामी सबैको साझा घर हो। हाम्रो साझा घरलाई राम्ररी सिंगार्नु हामी सबैको कर्तव्य हो।

हाम्रो राष्ट्रभाषा नेपाली हो। यस भाषालाई हुर्काउन र बढाउन भाषासेवीले धेरै सेवा गरे। तिनीहरू हुन्– भानुभक्त आचार्य, मोतीराम भट्ट, जयपृथ्वीबहादुर

सिं आदि । हामीले पनि आफ्नो भाषा र साहित्यको सेवा गर्नुपर्दछ । भाषा र साहित्यलाई कहिल्यै पनि बिर्सनु हुँदैन ।

शिक्षा भएन भने हामी अगाडि बढ्न सक्दैनौं । अबत हाम्रो देशमा शिक्षाको राम्रो विकास हुँदै आएको छ । देशका हामी सबै दाजुभाइ दिदीबहिनीहरू एक भएर पढ्नुपर्दछ। संसारमा नेपालीको शिर ठाडो राख्नुपर्दछ । हाम्रो देशको धेरै भाग पहाडमा छ । पहाडी जीवन माथि नउठे देशको पूरा विकास हुँदैन । गाउँगाउँले बनेको हाम्रो देश अझ राम्रो पार्न गाउँको सेवा गर्नुपर्दछ । हाम्रा धेरै दाजुभाइ दिदीबहिनीहरू गाउँमै बसेका छन् । हाम्रो देशको ठूलो आम्दानी खेतीबाट हुन्छ । हाम्रा मुख्य खेती धान, मकै, तोरी, गहुँ, जौ, कोदो, फापर, भटमास, गहत, मास, सनपाट, उखु आदि हुन् ।

हाम्रो देशमा आँप, केरा, सुन्तला, कागती, निबुवा कटहर, नास्पाती, लौसी आदि धेरै फलफूल पाइन्छन् ।

हाम्रो देश हिमाली देश हुनाले यहाँ धेरै अमूल्य जडीबूटीहरू पनि पाइन्छन् । हाम्रो पहाडी भागमा खोजी गर्दै गयौं भने धेरै खानीहरू पाइनेछन् ।



हामीले धेरै चाडपर्व मान्दछौं । हाम्रो सबैभन्दा ठूलो चाड दशैं हो । हामी दशैं धुमधामसँग मनाउँछौं । निधारमा राता अक्षता र कपालमा पहेंला जमरा लाउँछौं । आफूले मान्नुपर्नेहरूकहाँ आशीर्वाद माग्न जान्छौं । यसैगरी हामीले

तिहार, साउने सङ्क्रान्ती, जनैपूर्णे, तीजजस्ता चाडपर्व रमाइलोसँग मनाउँछौं ।



हाम्रो देश कलैकलाले भरिएको छ । हाम्रा कलाकार अरनिकोले हाम्रो कला चीनमा पुऱ्याएर नेपालको इज्जत बढाएका हुन् । बुद्धजस्ता शान्तिप्रिय मानिस हाम्रो देशले जन्मायो । सीताजस्ती आदर्श छोरी नेपालको माटोमा जन्मिन्, हुर्किन् । जनकजस्ता ज्ञानी राजाले यहीं राज्य गरे । हाम्रो देश संसारको मानचित्रमा सानो आँखाको नानीजस्तो

चहकिलो देखिन्छ। संसारको ठूलोसङ्गठन संयुक्त राष्ट्र सङ्घको सदस्य हाम्रो देश पनि छ। हामी नेपाली हौं।

नमूना अभ्यास

१. तलका खाली ठाउँ भरः

(क) सगरमाथाको फेदीमा. . . . . .बजार छ।

(ख) नेपाल प्रकृतिको. . . . . .हो।

(ग) देश हामी सबैको साझा. . . . . .हो।

(घ) हाम्रो देशको धेरै भाग. . . . . छ।

(ङ) हाम्रो देशको ठूलो आम्दानी. . . .बाट हुन्छ।

(च) हाम्रो पहाडी भागमा खोजी गर्दै गयौं भने प्रशस्त . . . . . .पाइन्छन्।

२. प्रष्ट पारी लेखः

(क) नेपालको सिमाना।

(ख) कुनै दुईजना भाषासेवीको नाम।

(ग) हाम्रो देशमा के के खेती हुन्छन् ?

(घ) संसारको ठूलो सङ्गठनको नाम के हो ?

(ङ) देशको विकास गर्न हामीले कसको सेवा गर्नुपर्छ ?

(च) अरनिको को थिए ?

३. ठीक भए यो √ चिनु र ठीक नभए यो × चिनु लगाऊः

(क) हाम्रो भाषा नेपाल हो ।
(ख) हामीलाई हाम्रो देश प्यारो छ ।
(ग) हामी सबैसँग झगडा गर्दछौं ।
(घ) हाम्रो देशमा जडीबूटी छन् ।
(ङ) हाम्रो कला चीनमा जनकले पुरयाए ।
(च) बुद्ध शान्तिप्रिय थिए ।

४. वाक्य पूरा गरः

(क) हामी. . .वीर. . . चिनिएका छौं ।
(ख) साच्चिनै. . . .लाई. . .सधैँ. . .राखेको छ ।
(ग) हाम्रो. .घरलाई राम्री. . .हामी सबैको. . .हो ।
(घ) पहाडी. . .माथि नउठे. . .पूरा. . .हुँदैन ।
(ङ) हामीले हाम्रो . . सधैँ. . .गरेकाछौं ।

५. तलका शब्दहरूबाट वाक्य बनाऊः

अञ्चल, विदेशीहरू, रमाइला डाँडाकाँडा, राष्ट्रभाषा, नेपाली, भाषा र साहित्य, शिक्षा, शिर, ठाडो, पहाडी जीवन, हिमाली देश, खानिहरू, दशैं, चाडपर्वहरू, कलाकार, बुद्ध, जनक, सीता, राष्ट्र सङ्घ ।

लेकको गीत

—माधव घिमिरे

आज मेरो आँगनमा लामादाइ आउँछ
मधुर पिम्बा बाजामा लेकको गीत गाउँछ ।।

जब स्याङ्वा स्याङ्वीको सुरिलो कण्ठ सुन्छु म ।
अनि गोसाइँकुण्डको टाकुरीमा हुन्छु म ।।
वरि र परि हिउँचुली तालैमा छाया परेको ।
घाँटीमा घण्टी बजाई चमरी गाई चरेको ।।

आउँछ बुकिफूलको मगमग बासना ।
गाउँछ पिम्बा बाजाले प्रीतिको मीठो सम्झना ।।
बैंसको मीठो कण्ठले कसको दिल छुँदैन ।
प्रीतिको फूल नफुल्ने मुलुक कुनै हुँदैन ।।

सल्लाको घारी सुसाई आज मलाई बोलाउँछ ।
चमरी मेरो स्वागतमा सेतो पुच्छर डोलाउँछ ।।
जान्छु म शैलुङ् लेकैमा घामले पैले देखेको ।
लामादाइले शिलामा शान्तिको गीत लेखेको ।।

नमूना अभ्यास

१. प्रष्ट उत्तर देऊः

(क) लामादाइले पिम्बा बाजामा कुन गीत गाउँछन् ?

(ख) घण्टी बजाएर चर्ने गाईको नाम के हो ?

(ग) लामादाइलाई कसले बोलाउँछ ?

२. खाली ठाउँमा भरः

(क) वरिपरि. . .तालैमा. . . .परेको ।

(ख) आउँछ. . .मगमग बासना ।

(ग) यसरो मेरो. . .सेतो. . . .डोलाउँछ ।

३. ठीक भए यो √ र ठीक नभए यो × चिनु लगाऊः

(क) आज मेरो आँगनमा लामादाइ आउँछ ।

(ख) बाँसको घारा सुसाई आज मलाई बोलाउँ ।

(ग) लामादाइले कापीमा शान्तिको गीत लेखेको ।

साभार–इन्द्रेनी वर्ष १, २०१३ अङ्क ७ बाट
(एशियाली लेखक सम्मेलनाङ्क)

खण्डको आखिरमा

१. मुजूर सबै चराको नाइके हो ?

२. इन्द्रकी रानीले मुजूरलाई किन राम्रो मानिछन् ?

३. बाठो मान्छेको घोडालाई कति मोल परेको होला ?

४. के हामी शिक्षा नभए अगाडि बढ्न सक्दैनौं र ?

५. प्रीतिको फूल नफुल्ने मुलुक कुनै छैन त ?

६. तलका वाक्यमा राम्रो शब्द छान र अरू शब्द काटिदेऊः

(क) नाइके चरोले (मीठो, राम्रो, सुरिलो, हँसिलो) गीत गाउँथ्यो ।

(ख) इन्द्रले नाइके चरोलाई (बगैंचामा, दरबारमा, कोठीमा, पिंजडामा) राखेर पालेछन् ।

(ग) आमाको (जेठो, माइलो, कान्छो, प्यारो) छोरो म ।

(घ) हाम्रो राष्ट्रभाषा(नेपाली, संस्कृति, अङ्ग्रेजी, नेवारी मैथिली) हो ।

(ङ) जनकजस्ता (ज्ञानी, पराक्रमी, वीर, न्यायी, साहसी) राजाले राज्यगरे ।

(च) लेकको गीत लेख्ने (भानुभक्त, मोतीराम भट्ट, माधव घिमिरे, लेखनाथ) हुन् ।

७. तलका खाली ठाउँ भरः

(क) इन्द्रले आफ्नो . . . . भएको . . . . नाइके चराको . . . मा छर्किदिएछन् ।

(ख) मेघ . . . सुन्दा . . . लाई स्वर्गको . . . आउँछ ।

(ग) हाम्रो देशको सिमाना पूर्व . . .पश्चिम . . .उत्तर . . . दक्षिण . . . हो ।

(घ) हाम्रा कलाकार . . .ले . . .मा हाम्रो. . . पुरचाएका छन् ।

(ङ) चमरी मेरो . . . मा . . . पुच्छर . . . छ ।

८. यी कुन पाठमा परेका छन् भनः

शिवजीको सर्प, इन्द्रधनु, कुकुरजत्रो घोडा, सगरमाथा, अमूल्य जडीबूटी, मानचित्र (नक्शा), पिम्बा, लामादाइ शान्तिको गीत ।

९. तिमीलाई राम्रो लागेको एउटा गीत सुनाऊः

बिहानीको गीत, मेरो सानो खरायो, लाटोभन्दा बाठो छु, लेकको गीत ।

१०. आजसम्म कति कथा पढ्यौ ? राम्रो लागेको कथा भन्न सक्छौ ?

श्रवणकुमार र आँधीखोला, डाँफे, काफल पाक्यो, मुजूर ।

११. घमण्ड नभएका प्राणीहरू कुनकुन हुन् ?

१२. हामी नेपाली कसरी भएका छौं ?

१३. तलका यी वाक्यांशहरू पढ र कसले कसलाई भनेको हो छुट्ट्याऊः

(क) तपाईंका काँढा मान्छेलाई कति काम लाग्छन् । मान्छेका घाउखटिरा फोर्न तपाईंका काँढा चाहिन्छन् रे ।

(ख) उनीहरू एउटा सानो खरको झुपडीमा बस्थे । उनीहरूको त्यो झुपडी गाउँको छेउमै थियो ।

(ग) हाम्रा उड्ने धेरै साधन छन् । हवाईजहाज देखेकै छौ । यसभित्र बसेर मानिसहरू एक देशबाट अर्को देशसम्म जान्छन् । आजभोलि मानिसहरू चन्द्रमामा पनि पुगिसके ।

(घ) त्यो कपिलवस्तु हो । त्यहाँ तिलौराकोट भन्ने ठाउँ छ । त्यहीं नै बुद्धको पुर्खाको राजधानी हो । त्यो बनभित्र उनका पुर्खाको भत्केको दरबार छ ।

(ङ) तिम्रो नाच हेर्न र गाना सुन्न म पृथ्वीमानै आउनेछु ।

१४. अर्थ लेखः

ज्योति, अवगुण, भुर्रभुर्र, कष्ट, खाना, जडीबूटी, छाता,

बेलपत्र, चाडवाड, जङ्गल, शहर, राजमार्ग, बिजुली, स्वर्ग, बाठो, अञ्चल, राष्ट्रसङ्घ

१५. वाक्य बनाऊः

व्रतबन्ध, पहेंलपुर, सुन्न पाइन, अन्धाअन्धी, महालक्ष्मी, राजारानी, पाठशाला, फलफूल, सात रङ्ग, कानून, घोडा, शिक्षा, घण्टी, बैंस ।

१६. फरक देखाऊः

(क)	(ख)
नेपाल	नेपाली
राजा	रानी
गुरु	गुरुआमा
गाउँ	शहर
कुवा	इनार
पहाड	हिमालय
बाटो	राजमार्ग
भाषा	भाखा

१७. छुट्टिएका अक्षर जोड र वाक्य बनाऊः

ग+र+व=	प+र+का+श=	ब+द+री=
मा+न+छे=	या+त+रू=	इ+न+दु=
शा+न+ति=	स+म्+यु+क्+त=	अ+न+धा=

खण्ड चार

बालदिवस

आज भदौ चार गते, बालमन्दिर जाने भनी सबै रमाएका थिए । पाठशालाको वरिपरिको बगैंचामा कमला, इन्दु, इन्दिराहरू फूल टिप्दै थिए । कसको राम्रो फूलको गुच्छा हुन्छ है त भन्दै आफ्नोआफ्नो फूलको गुच्छा बनाउँदै थिए । गुरुआमा पनि आइपुग्नुभयो । सबै विद्यार्थीहरू प्रार्थना गर्ने चौरमा जम्मा भए । गुरुआमाले एकएक गरेर सबैको नाम बोलाउनुभयो । दीपक, दिनेश र सुन्दर आइपुगेका रहेनछन् । अरू दिन चाँडै आइपुग्ने दीपक, दिनेश र सुन्दर आज किन ढीला गरे त ?– गुरुआमाले कमलासँग सोध्नुभयो ।

आउन त उनीहरू अघि नै आएका थिए । अहिले कता गएछन्– कमलाले उत्तर दिइन् ।

यसै समयमा दीपक, दिनेश र सुन्दर आ–आफ्ना हातमा फूलका गुच्छा लिएर आइपुगे ।

किन आजै अबेर गरेका दीपक तिमीहरूले ?– गुरुआमाले उनीहरूसँग सोध्नुभयो ।

तपाईंले हिजो श्री ५ मुमा बडामहारानी रत्नको शुभ-जन्मोत्सवमा फूल ल्याउनु भन्नुभएको थियो । त्यसै हुनाले फूल लिन गएका थियौं– दिनेशले नम् भएर उत्तरदिए ।

खै त कस्तो फूल ल्यायौ ?– गुरुआमाले सोध्नुभयो ।

सबैले एकैसाथ आ–आफ्नो गुच्छा देखाए ।

गुरुआमा ! अब जाने होइन त ?– इन्दुले सोधिन् ।

सबै जम्मा भयौ त ?– गुरुआमाले सोध्नुभयो ।

आउन बाँकी तीन जना थिए, आइपुगिहाले । हामी त अघि नै तयार भैसकेका थियौं– सबैले भने ।

गुरुआमाले सबैलाई पङ्क्तिमा मिलाउनुभयो अनि सबैलाई सुनाउनुभयो । तिमीहरू बाटोमा पङ्क्तिमा मिलेर हिंड्नुपर्छ । पङ्क्ति बिग्र्यो भने नराम्रो देखिन्छ ।

हातमा राष्ट्रिय झन्डा बोकेर दीपक अगाडि लागे । त्यसपछि बालसङ्गठनको झन्डा लिएकी इन्दु थिइन् । इन्दिरा चाहिं गुरुआमासँगै थिइन् ।

गुरुआमा ! आजको दिनलाई किन बालदिवस भनेको ? हामीलाई यसको महत्त्व बुझाइदिनुहोस् न–इन्दिराले अनुरोध गरिन् ।

आज श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको शुभ जन्मदिन हो । मौसूफले बालकबालिकालाई

असाध्य माया गरिबक्सिन्छ । मौसूफ सरकारको प्रेरणा पाएर नै हाम्रा बालकबालिकाहरू अगाडि बढ्दैछन् । बालक-बालिकाहरूको संरक्षक पनि श्री ५ रत्न नै होइबक्सिन्छ । त्यही कारणले नै आजको दिनमा बालदिवस मनाइएको हो ।

श्री ५ रत्नको प्रेरणा पाएर बालसङ्गठन निकै बलियो बन्न सकेको हो । नेपाल बालसङ्गठनको अध्यक्ष पदमा पनि श्री ५ रत्न नै होइबक्सिन्छ । समयसमयमा बालक-बालिकाहरूलाई शिक्षादिने, बालकहरूको स्वास्थ्यमा विशेष हेरचाह गर्ने र गरीब, अनाथ, असहाय बालकबालिकाहरू-लाई औषधी दूधसमेत दिने गरिबक्सिन्छ ।

आजको उत्सवको महत्त्व त तिमीहरूले बुझिहाल्यौ । बालमन्दिरको महत्त्व पनि जानिराख– गुरुआमाले भन्नुभयो ।

बालमन्दिर सबै बालबालिकाहरूको आफ्नै घर हो । बालमन्दिरमा बालकहरूको उमेर र चाखअनुसार खेलकूद र पढाइ हुन्छ । यसैले बालमन्दिर बालकहरूको जीउमा फूर्ति ल्याउने र बुद्धिको विकास गराउने ठाउँ हो । हाम्रो बाल-मन्दिर श्री ५ रत्नबाट उद्घाटन हुँदा तिमीहरू पनि त थियौ ।

बालसङ्गठनले श्री ५ को सरकारबाट र जिल्ला बाल-सङ्गठन कोषबाट पनि सहायता पाउँछ । यसरी बालसङ्गठन चलाइन्छ ।

गुरुआमा ! बालसङ्गठनले अरू केके काम गर्छ ?– इन्दुले सोधिन् ।

बालसङ्गठन भनेको त तिमीहरूले जानिहाल्यौ । तिमी-हरूजस्तै सानासाना कलिला बालकहरूको बुद्धिको विकास गराउने काममा बालक पत्रिकाले सघाउ पुर्‍याउँछ । शरीरको विकास गराउन खेलकूदको बन्दोबस्त गर्छ । बेलाबेलामा गरीब, दुःखी विद्यार्थीहरूलाई बालघरमा राखेर खान लाउन बन्दोबस्त मिलाउँछ । बालघरमा रहेका बालकले निःशुल्क

शिक्षा पाउँछन् । यस्ता बालहित काम गर्ने हुनाले यो सङ्गठनलाई बालसङ्गठन भनेको हो ।

यो सङ्गठन हाम्रो देशभरि गठन भएको छ । हाम्रो अधिराज्यको धेरै ठाउँमा बालमन्दिर बनिसकेको छ । बालमन्दिरमा हाम्रो गाउँ वा जिल्लाका गरीब, दुःखी विद्यार्थीहरूले निःशुल्क शिक्षा पाइरहेकाछन् । यस्ता कुरामा हामीलाई आँखा देखाउने श्री ५ रत्न नै होइबक्सिन्छ ।

यो बासदिवस हाम्रो देशमा मात्र मनाउछौं कि अन्त पनि मनाउँछन् त गुरुआमा ?– सुन्दरले सोधे ।

संसारको ठूलो सङ्गठन संयुक्त राष्ट्र सङ्घ हो भन्ने त तिमीहरूले जानेकै छौ । यो सङ्गठनले संसारभरिका अनाथ, असहाय, दुःखी, गरीब, बालकबालिकाहरूको उद्धार गर्ने एउटा कोष खडा गरेको छ । त्यसलाई बालविकास कोष भन्दछन् । गरीब, दुःखी, अनाथ, असहाय विद्यार्थीहरूलाई राम्रो शिक्षा दिनका लागि बालविकास कोषबाट पनि सहायता मिल्दछ । त्यसैले संयुक्त राष्ट्र सङ्घका सबै सदस्य देशहरूले पनि बालदिवस मनाउँछन् ।

अरू विद्यालयबाट पनि राष्ट्रिय झन्डा र बालसङ्गठनको झन्डा लिई ताँतीमा धेरै ठाउँबाट विद्यार्थीहरू आइपुगेका थिए ।

सबैभन्दा पहिले राजारानीको तस्बीरमा फूलमाला चढाइयो ।

त्यसपछि श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको तसबीरमा फूलमाला पहिराइयो । यसपछि चित्रकला, हस्तकला, कविता र खेलकूदमा पहिला, दोस्रा र तेस्रा हुने विद्यार्थीहरूले मुख्य अतिथिबाट पुरस्कार पाए । कसैलाई किताब दिइयो । कसैले कापी, कलम पाए । अनि सबै विद्यार्थीहरूलाई मिठाई बाँडियो । पुरस्कार पाएर रमाएका विद्यार्थीहरू आफ्नाआफ्ना पुरस्कार लिई फेरि ताँतीमै पाठशालातिर फर्के ।

नमूना अभ्यास

१. तलका प्रश्नहरूको उत्तर देऊः

(क) सबैले राम्रारामा फूलका गुच्छा, किन ल्याएका हुन् ?

(ख) बालदिवस कहिले मनाइन्छ ?

(ग) श्री ५ मुमा बडामहारानी रत्नको शुभ जन्मोत्सव कहिले पर्छ ?

(घ) विद्यार्थीहरू कहाँ जानलागेका थिए ?

(ङ) नेपाल बालसङ्गठनको अध्यक्ष को हो ?

(च) बालमन्दिरमा बालकहरूको लागि केके काम हुन्छ ?

(छ) बालसङ्गठनलाई कसकसले सहयोग गरेका छन् ?

(ज) संयुक्त राष्ट्र सङ्घका सदस्य देशहरूले बालदिवस किन मनाउने गरेका हुन् ?

(झ) बालमन्दिरमा बालकहरूले केके कुरा देखे, कसरी पुरस्कार पाए ?

२. तलका खाली ठाउँमा सुहाउँदा शब्द राखः

(क) राम्रो फूलको.....बनाउँदै थिए।
(माला, गुच्छा, मुमी)

(ख) गुरुआमाले सबैलाई.....मिलाउनुभयो ।
(पङ्क्तिमा, घेरामा, बथानमा)

(ग) मौसुफ सरकारको. . . . . .पाएर हाम्रा बालक-बालिकाहरू अगाडि बढ्दै छन् ।
(जाँगर, प्रेरणा, साहस)

(घ) बालमन्दिरको. . . . . .पनि जानिराख ।
(उत्सव, महत्त्व, उद्घाटन)

(ङ) . . . . . .रहेका बालकहरूले निःशुल्क शिक्षा पाउँछन् । (गुरुकहाँ, पाठशालामा, बालघरमा)

(च) संसारको ठूलो. . . . . .संयुक्त राष्ट्र सङ्घ हो ।
(पाठशाला, घर, सङ्गठन)

३. तलका उदाहरणहरू पढी, दिइएका शब्दहरूको अर्को रूप बनाऊः

उदाहरण– सुख–सुखी, पुग्नु–पुगेर ।

अब यी शब्दहरूलाई माथिका जस्तै रूप बनाऊः

(बोकी....) (फूर्ति....) (गरीब....) (दुःख....) (लिनु....)

४. तलका शब्दहरू वाक्यमा प्रयोग गरः

कोष, इच्छा, अनाथ, असहाय, सङ्गठन, बन्दोबस्त, पुरस्कार, खेलकूद, पहिराइयो, विकास ।

५. तल दिएजस्तै गरी, दिइएका शब्दहरूबाट धेरै थरी शब्द बनाऊः

जस्तै– सोध्नु–सोध्यो, सोधेको, सोधाइ, सोध्ला, सोधी ।

अभ्यासः

रमाउनु, टिप्नु, बुन्नु, पढ्नु, बढ्नु, भन्नु, पाउनु, मिलाउनु, पहिराउनु, पुरचाउनु, चलाउनु, फर्कनु, हुनु ।

६. तलका वाक्यहरू पढी नमिलेका ठाउँमा मिलाऊः

(क) आज भदौ चार गते बालदिवस हो ।

(ख) सबै विद्यार्थीहरू खेल्ने चउरमा जम्मा भए ।

(ग) आमाले सबैको नाम बोलाउनुभयो ।

(घ) दीपक, दिनेश र सुन्दर आइपुगेका रहेछन् ।

(ङ) अनि बालमन्दिरमा जाने दिन हो ।

(च) हामी गयौं फूल लिन रामारामा ।

(छ) गुरुआमाले सबैलाई पङ्क्तिमा मिलाउनुभयो ।

(ज) बालकबालिकाहरूको संरक्षक पनि श्री ५ मुमा बडामहारानी रत्न नै होइबक्सिन्छ ।

वीरबहादुरको जुक्ति

हरि र श्याम दाजु भाइ थिए। उनीहरू ज्यादै मेहनती थिए। घरमा पनि सधैँ मनलगाएर पढ्थे। सुत्ने बेलामा उनीहरूकी आमाले रमाइलारमाइला कथा सुना-उनुहुन्थ्यो। यसैगरी हरि र श्यामले आमाबाट धेरै थरीका कथाहरू जानिसकेका थिए।

एक रात हरि र श्याम दुवै भाइहरूलाई धेरैबेरसम्म निद्रा लागेन। श्यामले आमासँग भने– आमा! आज त तपाईंले हामीलाई कथा सुनाउनु नै भएन।

कस्तो कथा भनुँ त तिमीहरूले नै भन न ?– आमाले

सोध्नुभयो ।

हामी जस्तै केटाकेटीका– हरि र श्यामले एकैचोटि भने ।

आमाले कथा भन्न शुरू गर्नुभयो ।

धेरैधेरै वर्ष अघिको कुरा हो । वीरबहादुर नाम गरेको एउटा गरीब केटो थियो । उसकी आमा धनी थिइनन् । शहरको छेउमा उनीहरूको घर थियो । उसको छोरा भने असाध्य मेहनती रहेछ । पाठशालाबाट फर्केपछि घरमा आमाको काम सघाउँथ्यो । खाना खाएपछि पाठ पढ्थ्यो । बिहान चाँडै उठ्थ्यो । घरको काम सघाउँथ्यो । पाठ पनि घोक्थ्यो । पाठशालामा सबैभन्दा चाँडै उही नै पुग्थ्यो ।

जाँचमा पनि त्यो सधैँ पहिला हुन्थ्यो त आमा ?– श्यामले सोधे ।

हो त नि सधैँको जाँचमा त्यो केटा नै पहिला भएर पुरस्कार पाउँदो रहेछ । आफ्नो छोराले सधैँ जाँचमा पहिला भएर उसले धेरैधेरै पुरस्कार ल्याएको देख्दा उसकी आमा असाध्य खुशी थिइन् ।

हामीले पनि त जाँचमा हाम्रा गाउँतिरका साथीले भन्दा धेरै नम्बर ल्याएका छौं नि– दुवै भाइले भने ।

हेर तिमीहरूले पनि त्यो गरीब केटाले ल्याएजस्तै गरी

जाँचमा नम्बरमात्र होइन पुरस्कारसमेत ल्याउनु पर्छ नि– आमाले भन्नुभयो ।

आमा ! अनि त्यो केटोले पछि के गरयो त ?– हरिले सोधे ।

एक दिन त्यो केटो पाठशाला जान लागेको रहेछ । बाटामा थोत्रा लुगा लाएको एउटा बूढो नौलो मानिससँग उसको ट्वाक्क भेट भएछ । त्यो नौलो मानिस कस्तो देखिन्थ्यो भने एकदम नराम्रो । अनुहार नराम्रो भए पनि बोली बचन भने मीठो रहेछ ।

त्यो केटालाई देखनेबित्तिकै नौलो मानिसले कहाँ जान्छौं नानी ? भनेर हात समातेछ ।

त्यो केटाले फूर्तिसाथ पाठशाला जाने भनेछ ।

ए ! कति राम्रा नानी रहेछौ । हिंड म पुरयाइदिउँला तिमीलाई पाठशालामा– त्यो नौलो मानिसले भनेछ ।

पाठशालामा सधैँ गैरहेको त हो नि, आफैं पनि जान सक्छु भनेर त्यो केटाले आफ्नो हात फुत्काउन बल गरेछ ।

म पनि तिम्रो पाठशालाकै बाटो गरी जाने हुँ । सँगै जाउँला नि, भनी त्यो नौलो मानिसले भनेछ । अनि दुवै पाठशालाको बाटो लागेछन् ।

बाटोमा हिँड्दाहिँड्दै म असल मान्छे हुँ भन्न थालेछ।

अनि त्यो नौलो मानिस र केटो दोबाटोमा पुगेछन्। दोबाटोमा पुगेपछि त्यो नौलो मानिसले फेरि केटाको हात समातेछ।

अब फेरि किन समातेको त आमा ?– आश्चर्यमानेर श्यामले सोधे।

त्यो नौलो मानिसको बोली मीठो भए तापनि विचार भने खराब रहेछ। उसले केटोलाई दुःख दिएर केही फाइदा लिन खोजेको थियो। अनि त्यो मानिसले उसलाई आफूतिर तानेछ।

त्यो केटोको मनमा पनि यो मानिस खराब छ भन्ने परचो। तर पनि ऊ हडबडाएन। त्यसपछि केटाले आफ्नो जुक्ति लगाएछ। उसले नौलो मानिसबाट उम्कने राम्रो दाउ खोज्न थालेछ। नौलो मानिसले उसलाई कापी, कलम किनिदिने, राम्रा लुगा सिलाइदिने, मीठोमीठो खाना खानदिने लोभ देखाएछ।

नौलो मानिसको बोली मीठो भए पनि उसबाट त्यो केटो कहिल्यै लोभिएन। तर पनि उसले फुत्कन के जुक्ति लगाउँ भन्ने विचार गरी भनेछ– हुन्छ म तपाईंसँग जान त जाउँला

तर मलाई रामृरी पढाइदिनु पर्छ हैत ?

अब ता केटालाई फसाइहालें भन्ने ठानी त्यो मानिस मक्ख परेछ । अनि उसलाई पढाइदिने वचन पनि दिएछ ।

तर तिमीहरूलाई थाहा छ ? त्यो नौलो मानिसले केटालाई लानुको सट्टा केटाले पो त्यस मानिसलाई लगेछ ।

कसरी आमा ?– दुवैले आश्चर्य मानेर सोधे ।

अब त्यो केटाले आफूले चिनेजानेका मानिसहरूको घर मनमनै खूब सोच्यो । सोच्दासोच्दै उसले आफू पढ्ने पाठशाला नजीकै गुरुको घर सम्झेछ । त्यही बाटो लागेपछि त्यो मानिसबाट उम्कन सजिलो हुन्छ भनी उसले ठान्यो ।

केटो अबता पक्कै आफूसँग जान्छ भन्ने पत्यार लागेपछि त्यस मानिसले केटाले भनेको मान्न थालेछ । केटाले पाठशाला जाने अर्को बाटो पनि देखेको थियो । अलि पर पुगेपछि केटाले भनेछ– त्यसो भए बूढाबा अर्को बाटो जाउँ । त्यहाँ मेरो झोला र किताब छन् । ती सबै लिएर जाउँला ।

केही पर पुगेपछि गुरुको घर आइपुगेछ । केटाले त्यो नौलो मानिसलाई बाहिर राखेर भित्र पसेछ । भित्र पसेपछि केटाले सबै कुरा गुरुलाई बताइदिएछ । त्यसपछि गुरु र केटो

भित्रबाट सँगै आएको देख्दा त्यो मानिस केही झस्केछ ।

अनि के भयो आमा ?– हरि र श्याम झन् उत्सुक बने ।

गुरुले त्यस मानिसलाई साफसँग हप्काइदिएछन् ।

अनि पो बल्ल बूढो डराएछ । डरले उसका गोडा थर्थरी काम्न थालेछन् । आफूले नचाहिंदो काम गरेकोमा नम्र भएर बूढाले माफी पनि मागेछ ।

गुरुले यस्तो नचाहिंदो काम कहिल्यै नगर्नू भनेछन् ।

मेरो बुद्धि बिग्रेछ, अब यस्तो बदमासी कहिल्यै गर्दिन भनेर बूढोले हात जोडेछ ।

अनि वीरबहादुरले के गरचो आमा ?– श्यामले सोधे ।

बूढाबा यस्तो बदमासी काम फेरि अरू कसैलाई नगर्नु है भनेर ऊ गुरुसँग पाठशाला गएछ।

वीरबहादुर असाध्य बाठो रहेछ हैन आमा ?– दुवैले एकैसाथ सोधे ।

हो त नि तिमीहरू पनि मौकामा चलाख बन्नुपर्छ– आमाले भन्नुभयो ।

नमूना अभ्यास

१. तलका प्रश्नहरूको प्रष्ट उत्तर देऊः

(क) वीरबहादुरको जुक्ति, कस्तो थियो ?

(ख) वीरबहादुर कहाँ जाँदा नौलो मानिससँग भेट भएछ ?

(ग) नौलो मानिसले वीरबहादुरलाई केके भनेर लोभ देखाएछ ?

(घ) वीरबहादुरले नौलो मानिसलाई कहाँ लग्यो ?

(ङ) गुरुले बूढालाई के भने ?

२. तलका खाली ठाउँमा राम्रो शब्द राखः

(क) हरि र श्याम ज्यादै..... थिए ।
(परिश्रमी, मेहनती, उद्योगी)

(ख) हरि र श्याम जाँचमा..... हुन्थे ।
(पास, पहिला, फेल)

(ग) त्यो केटो जाँचमा पास भएर. . . . . ल्याउँथ्यो ।
(पैसा, पुरस्कार, किताब)

(घ) नौलो मानिसले केटालाई . . . . . पुरयाइदिन्छु भनेछ ।
(घर, पाठशाला, गाउँ)

(ङ) केटाको मनमा नौलो मानिस. . . . . .छ भन्ने परयो ।
(असल, खराब, चलाख)

(च) केटो र नौलो मानिस अलि पर पुगेपछि. . . . . घर आइपुगेछ । (मामाको, गुरुको, साथीको)

(छ) हो त नि मौकामा . . . . . बन्नुपर्छ ।
(असल, चलाख, सिपालु)

३. तलका शब्दहरूमा फरक देखाऊ :

मेहनती–अल्छी । घर–पाठशाला । खुशी–निराश ।
गरीब–धनी । गाउँ–शहर । बूढो–तन्नेरी । असल–खराब ।
विश्वास – अविश्वास । मीठो–तीतो । जुक्ति–बुद्धि ।
मक्ख–छक्क । गुरु–गुरुआमा । बाठो–लाटो ।

४. तलका शब्दहरूबाट वाक्य बनाऊ :

रमाइलारमाइला, निद्रा, कथा, धनी, घर, पुरस्कार, नम्बर, बूढो, नानी, बल, विश्वास, फाइदा, हडबडाउनु, दाउ, कापी, कलम, लुगा, फसाउनु, मनमनै, झोला,

एक्कासी, अन्तै, हप्काउनु, बदमासी, हात जोड्नु, मौकामा, चलाख ।

५. तलका वाक्यहरू एक अर्कोसँग मिलाऊ :

(क)	(ख)
हरि र श्याम	रमाइला कथा सुनाउनुहुन्थ्यो
आमाले	मेहनती थिए
त्यो केटो पाठशालामा	भेटभएछ
एउटा नौलो मानिससँग	चाँडै पुग्दथ्यो
नौलो मानिस	त्यो केटो लोभिएन
नोलो मानिसको लोभमा	खराब विचारको थियो
वीरबहादुर गुरुसँग	चलाख बन्नुपर्छ
तिमीहरू पनि मौकामा	पाठशाला गयो

बिर्सन नहुने दिन



पाठशालाको जन्मजयन्तीको दिन थियो। सबै विद्यार्थी-हरू पाठशालाको आफ्नै पोशाकमा पहिलेको सूचनाअनुसार ठीक समयमै प्रार्थना गर्ने ठाउँमा जम्मा भइसकेका थिए। प्रार्थना सकिएपछि गुरुले त्यस दिनको कार्यक्रम पढेर सुनाउनुभयो।

आज हाम्रो पाठशालाको वार्षिक जन्मजयन्तीको दिन हो। सबै विद्यार्थीहरूले नाच, गान र अरू खेलकूदमा भाग लिएर रमाइलो मनाउनुपर्दछ। लौ त अब हामी सबै जना खेल खेल्ने मैदानमा जाऊँ र खेलकूद कार्यक्रम शुरू गरौं। सबै विद्यार्थीहरू मैदानमा गए।

आज कुनकुन खेल खेलिने रहेछ दिनेश ? तिमीलाई थाहा छ– प्रकाशले सोधे ।

अँहँ मलाई त केही पनि थाहा छैन, गुरुसँग सोधौं न– दिनेशले भने ।

यसरी कानेखुसी गर्दै विद्यार्थीहरू आपसमा कुरागर्दै थिए । गुरु आइपुग्नुभयो । मौका पारेर दिनेश र प्रकाशले सोधिहाले ।

आज हामीले कुन खेल खेल्ने हो गुरु ?

गुरुले हातको कागत हेर्नुभयो र भन्नुभयो– आज हामीले रमाइलो खेल खेल्ने भएका छौं, जसले राम्रो खेल खेल्छ त्यसले पुरस्कार पनि पाउँछ ।

हामीले खेल्ने गरेका खेलहरू सबै रमाइलै छन्। तीमध्ये कुन चाहिं रमाइलो खेल खेल्ने त गुरु ?– प्रकाशले फेरि सोधे ।

तिमीहरूले सधैँ खेलिरहेकै खेल मूसो बिरालो, नाइके-चिन्ने, रूमालचोर खेल नै खेल्ने त हो नि– गुरुले भन्नुभयो ।

आज दौडने चाहिं खेल छैन त गुरु ? कमलाले सोधिन्। दौडने खेल पछि मात्र अहिले त अरू नै खेल खेल्ने– गुरुले भन्नुभयो ।

आजको खेलकूदको कार्यक्रममा पुरस्कार दिन गाउँका

ठूला विद्वान् विद्यानाथ शर्मा आइसक्नु भएको थियो । सीटी लागिसकेको थियो । खेलको नियमअनुसार भागलिने सबै विद्यार्थी ताँतीमा उभिए ।

गुरुले सबैभन्दा पहिले मूसोबिरालोको खेल शुरू गराउनु भयो । धेरै विद्यार्थीहरू एक आर्काको हात समातेर बाटुलो घेरा बनाएर उभिए । अमृता मूसो बनिन् । प्रमोद बिरालो बने । गुरुले रूमालले दुवैको आँखा बाँधिदिनु भयो । खेलकूद हेर्न विद्यार्थीका आमाबाबु र संरक्षक पनि आएका थिए । सबैले रमाइलो मानेर ताली बजाउन लागे । बिरालो हुने प्रमोद ङ्चाउँ, ङ्चाउँ गर्दै मूसो झम्टनपट्टि लागे । मूसो बन्ने अमृता चीँ चीँ चीँ गर्दै भाग्न थालिन् । धेरै बेरसम्म यो रमाइलो खेल चली नै रह्यो । बिरालोले मूसोलाई भने भेट्टाउनै सकेन । यसैले यो खेल सबैले राम्रो

मानी ताली बजाए ।

त्यसपछि नाइके चिन्ने खेल शुरू भयो । सबै विद्यार्थीहरू बाटुला घेरामा बसे । हरि डुम् बने । गुरुले घेरामा बसेका श्यामलाई नाइके बनाउनुभयो । नाइकेले ताली पिट्न शुरू गरयो । घेराका सबै विद्यार्थीहरू नाइकेको इशारामा चल्न थाले । डुम् भएको हरि आएर घेराभित्र पस्यो । धेरैबेर कोशिश गर्दा पनि नाइके कुन चाहिं हो पत्तालाउन सकेन । त्यसपछि नाइकेले कपाल कन्याउन लाग्यो । घेराका सबै विद्यार्थीहरूले पनि कपाल कन्याउन लागे । तैपनि डुम् हुने हरिले नाइके चिन्न सकेन । यसपटक डुम् भएको हरिले अन्दाजले कमललाई नाइके हो भनी देखायो । नाइके चिन्न नसकेको देख्दा सबै हल्ल हाँसे । यस्तै किसिमबाट उसले तीन पटकमा बल्ल नाइकेलाई चिन्यो ।

अब रूमालचोर खेल– खेलौं गुरुआमाले भन्नुभयो । फेरि सबै विद्यार्थीहरू घेरा लागेर बसे । यो खेल अनौठा थियो । यो खेल खेल्न विद्यार्थीहरू असाध्य रमाए । घेरामा बसेका विद्यार्थीहरूको पङ्क्तिबाट प्रकाशले रूमाल लिएर विपिनको पछाडि राखिदिए । तर विपिनलाई यो कुराको पत्तै भएन । यस कुराले सबैलाई हँसायो ।

उतापट्टिबाट गुरु आएर भन्नुभयो– रुमालचोर पत्ता लागेपछि यो खेल सकिनेछ । अनि दौड शुरु गरौंला । नभन्दै तेस्रो पटकमा हरिको पालो आयो । हरिले रूमालचोर ट्वाक्क पत्तालाइहाले । खेल हेर्ने सबैले ताली बजाई हरिलाई स्याबासी दिए । यो खेल पनि यसरी नै यत्तिकैमा सकियो ।

त्यसपछि सूचनाअनुसार सबै दौडको मैदानमा पुगे । भागलिने जति ताँतीमा उभिए । प्रकाश, विपिन र दिनेशमा को पहिला हुन्छ भन्ने होडबाजी चल्न थाल्यो । एक छेउमा गुरुआमा हुनुहुन्थ्यो । अर्को छेउमा गुरु हुनुहुन्थ्यो । सीटी लगाउनासाथ प्रकाश, विपिन, दिनेश, मोहन, हरिभक्त र बंशीलाल एकैचोटि दौडे । एकै छिनमा उनीहरू चिनोमा पुगिहाले । सबैभन्दा पहिले दिनेश पुगे । बंशीलाल सबभन्दा



पछि परे । यस खेलमा दोस्रा र तेस्रा प्रकाश र मोहन भए । गुरुले पहिला, दोस्रा र तेस्रा हुनेको नाम टिप्नुभयो ।

अनि सबै पुरस्कार दिने मञ्चतर्फ फर्के । मञ्चमा मुख्य अतिथि आइसक्नु भएको थियो । उहाँले खेलकूदमा विजयी हुने विद्यार्थीहरूलाई पुरस्कार दिनुभयो ।

दौडमा पहिला हुने दिनेशले कापी कलम पाए । मूसो बिरालो खेलमा अमृताले किताबहरू पाइन् । यस्तै किसिमले सबै विद्यार्थीहरूले कापी र सीसा–कलमहरू पुरस्कार पाए ।

पुरस्कार दिने काम सकिएपछि विद्यार्थीहरूलाई गुरुआमाले मिठाई बाँड्नुभयो ।

यसरी दिउँसो मनाइएको पाठशालाको जन्मजयन्तीको रमाइलो कार्यक्रम पूरा भयो । अनि गुरुले साँझमा पाठशालामा दीपावली र नाच, गान हेर्न सबै आउनुपर्छ भन्नुभयो ।

यसरी त्यो दिन विद्यार्थीहरूको लागि कहिल्यै बिर्सन नसकिने दिन थियो ।

नमूना अभ्यास

१. तलका प्रश्नहरूको उत्तर देऊः

(क) बिर्सन नहुने दिन कुन हो ?

(ख) पाठशालाको जन्मजयन्तीमा केके गर्नुपर्छ ?

(ग) पाठशालाको जन्मजयन्तीमा कुनकुन खेल खेलाइयो।

(घ) पुरस्कार बाँड्न को आएका थिए?

(ङ) तिमीलाई सबैभन्दा राम्रो खेल कुन लाग्यो ?

(च) मूसो बिरालो खेलमा मूसो र बिरालो कोको बनेका थिए ?

(छ) नाइकेचिन्ने खेल कस्तो लाग्यो बयान गर ।

(ज) रूमालचोर कसरी खेलिन्छ?

(झ) दौडमा पहिला, दोस्रा र तेस्रा कोको भए ?

२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गरः

जन्मजयन्ती, पोशाक, कार्यक्रम, सीटी, इशारा, मूसो, बिरालो, कोशिश, असाध्य, एकैचोटि, चिनो, ताँती,

३. तलका खाली ठाउँमा राम्रो शब्द भरः

(क) आज हाम्रो पाठशालाको ..... दिन हो ।

(ख) सबै विद्यार्थीहरू ..... गए ।

(ग) .....मूसो बिरालोको खेल गुरुले शुरु ...गराउनु भयो ।

(घ) सबैले ..... माने र ..... बजाउन लागे ।

(ङ) घेराका सबै ..... पनि .... कन्याउन लागे।

(च) एक छेउमा.....हुनुहुन्थ्यो अर्का छेउमा.....
हुनुहुन्थ्यो ।

(छ) दौडमा पहिला हुनेले .... कापी, कलम पाए ।

४. तलका शब्दहरूको उल्टो अर्थ लाग्ने शब्द बनाऊः

जस्तैः भएका–नभएका, पढिसकेर–नपढीकन, सोध्नु–नसोध्नु ।

कुरागर्नु, खेल्नु, आएका, बनाउनुभयो, लाग्यो, बनाए, चिन्यो, सक्यो, भन्नुभयो, हँसायो, दौडेनन्, टिप्नुभएन, पाइन्, पूरा भयो ।

५. तलका वाक्यहरू छुट्ट्याऊः

जस्तै– जन्मजयन्ती = जन्म जयन्ती

कार्यक्रम, खेलकूद, कानेखुसी, संरक्षक, त्यसपछि, गुरुआमा भन्नुभयो, पछाडिबाट

खण्डको आखिरमा

१. तलका प्रश्नहरूको उत्तर देऊः

(क) बालदिवस कसरि मनाइन्छ ?

(ख) बालमन्दिर केलाई भन्दछन् ?

(ग) बालाघरमा कस्ताकस्ता बालकबालिका रहन्छन् ?

(घ) पाठशालाको जन्मजयन्तीलाई किन बिर्सन नहुने दिन भनेको ?

(ङ) तिमीलाई कुन खेल राम्रो लाग्यो ?
मूसो बिरालो, नाइकेचिन्ने, रूमालचोर, दौड।

(च) पाठशालाको जमजयन्ती कसरी मनाइन्छ ?

(छ) बाटोमा नौलो मानिस देखे, डरले दौडने हो कि ?

(ज) बल ठूलो कि जुक्ति ठूलो ?

२. तलका वाक्यमा कुन शब्द मिल्छ त्यसलाई चिनु लगाऊः

(क) पाठशालाको बगैंचामा इन्दु, कमला, इन्दिरा (फूल, ढुङ्गा, काँढा) टिप्दै थिए ।

(ख) हातमा राष्ट्रिय (झन्डा, पोशाक, चिनु, रङ्ग) बोकेर दीपक अगाडि लागे ।

(ग) बालमन्दिर सबै बालकबालिकाको (आफ्नै घर, पाठशाला, मावली) हो ।

(घ) नौलो मानिसको बोली मीठो भए तापनि विचार (असल, खराब, ठिक्कै) थियो ।

(ङ) वीरबहादुर असाध्य (परिश्रमी, मेहनती, असल, नजाती) रहेछ ।

(च) आज पाठशालाको (पुरस्कार बाड्ने दिन, जन्म-जयन्ती, जाँचदिने) दिन हो ।

(छ) मूसो बिरालो खेलमा बिरालो हुने प्रमोद (चीँ चीँ गर्दै, म्याउँ म्याउँ गर्दै, बाँ बाँ गर्दै) मूसालाई झम्टन लागे ।

(ज) सबै विद्यार्थीहरूले खेलकूद सकेर (पुरस्कार दिने मञ्च, घर, पाठशाला) तिर फर्के ।

३. तलका खाली ठाउँ भरः

(क) कसको राम्रो.....गुच्छा हुन्छ है भन्दै.....फूलको .....बनाउन लागे ।

(ख) हातमा.....झन्डा बोकेर.....अगाडि बढे ।

(ग) बालसङ्गठनको अध्यक्ष....होइबक्सिन्छ ।

(घ) संयुक्त राष्ट्र सङ्घका सबै...देशहरूले..मनाउँछन् ।

(ङ) आफ्नो छोराले सधैँ जाँचमा...भएर.....ल्याउँदा उसकी....खुशी थिई ।

(च) बाटोमा हिंड्दा....म असल.....भन्ने.....परेछ ।

(छ) नौलो मानिसको बोली . . . . भए तापनि . . .. खराब थियो ।

(ज) अब यस्तो . . . कहिल्यै गर्दिन भनेर . . . हात जोडे छ ।

(झ) जसले . . . . खेल खेल्छ, त्यसले . . . . पनि पाउँछ ।

(ञ) सबैले . . . . बजाई हरिलाई . . . . दिए ।

(ट) मुख्य अतिथिले . . . . . विजय हुने . . . . . पुरस्कार दिनुभयो ।

४. यिनीहरू कुन पाठमा पढ्यौ ?

राष्ट्रिय झन्डा, श्री ५ मुमा बडामहारानी, बालसङ्गठन, संयुक्त राष्ट्र सङ्घ, बालकोष, वीरबहादुर, मुख्य अतिथि ।

५. यिनीहरू पढेर तिमीले केके जान्यौ ?

बालदिवस, बिर्सन नहुने दिन, वीरबहादुरको जुक्ति ।

६. वीरबहादुरको जुक्ति पढेपछि तिमीलाइ कस्तो शाहस आयो ?

७. तिमीले बालमन्दिर जाँदा केके देख्यौ ?

८. पाठशालाको जन्मजयन्ती कसरी मनाइन्छ ?

९. अहिलेसम्म पढेका कथाहरूमा एउटा राम्रो कथा भन त ।

१०. तिमीले मूसोबिरालो खेल्न मनपरायौ कि काफल पाक्यो चरीको कथा सुन्न मनपरायौ ? किन ?

११. मावली जाँदा बद्री र प्रकाशल स्याङ्जामाथि हुँदा कुन राजमार्ग देखे ?

१२. आँधिखोलाको मुहान काहाँ छ ।

१३. फुलपाती कसरी मनाइन्छ ?

१४. मुजूरले इन्द्रसँग कस्तो कुरा गरेछ ?

१५. नेपालका अन्नहरू केके हुन् ?

१६. तलका वाक्यहरू पढेर कसले कसलाई भनेको हो पत्ता-लगाऊः

(क) खुशीको कुरा छ म बसेको ठाउँमा बाघ आउँदै आउँदैन ।

(ख) पानीको रित्तो गाग्री बोकेर श्रावणकुमार पानी लिन गए ।

(ग) देश घुम्न गएका तिमीहरूका बाबु अहिलेसम्म आएका छैनन् ।

(घ) उः सेतो अग्लो हिमाल हाम्रा नजीक आउँदै छ नि ।

(ङ) मानिसहरूलेजस्तै चराहरूले पनि आफ्नो नाइके छान्दछन् ।

(च) ए ! कति राम्रा नानी रहेछौं हिड म पुरचाइदिउँला पाठशालामा ।

१७. अर्थ लेखः

पहेंलपुर भुइँ, दमको रोग, घाइते, बिस्कुन, ओथारो बस्नु, जङ्गल, राजमार्ग, राजधानी, शैनिक मञ्च, इन्द्रधनु, जोडा, आम्दानी, स्वागत, असहाय, बालकोष, जुक्ति बुद्धि, ताली पिट्नु, खेलकूद ।

१८. फरक देखाऊः

(क)	(ख)
खानेकुरा	लाउनेकुरा
घर	झुपडी
मदेश	पहाड
चोक	आँगन
टाँगा	गाडा
नाच	गान
बालसङ्गठन	बालदिवस
नाइकेचिन्ने खेल	रूमालचोर खेल

१९. तलका शब्दहरू राखी वाक्य बनाऊः

विकास, ज्ञान, कक्षा, चिठी, विदेश, शहर, पसल, ताँती, पोशाक, सातरङ्ग, भित्र, जाँच, फूलका गुच्छा, अनाथ नाइके, बाटुलो ।

२०. तलका शब्दहरू छुट्टयाऊ :

सूर्यसँग, नेपालीहरूले तिग्रामारोपियो, दाजुभाइलाई, पशुपतिनाथ, नेपालगन्ज, हनुमानढोका, इन्द्रचोक, भाषा साहित्य, शुभजन्म, थोत्रालुगा, सीसाकलमहरू।

शब्दसूची

१. बिहानीको गीतः

चिरबिर, गौंथली, घर, आँगन, बनचरी, बिहानी, डाक, पालुवा, बन, डाँडा, बालक, हिमालचुली, सूर्य, ज्योति, पहेंलपुर भुइँ, पाखा, हिमाली, धोबिनीचरी, विकास ।

२. दुम्सी, लोखर्के र मैनाचरीः

दिनभर, अनौठा, मित्रता, आराम, जीवनका, घट्ना, खबर, गुण, अवगुण, पशु, पन्छी, जीवनी, गाउँखाने कथा, आनन्द, यात्रा, महत्त्व, काँढा, भुर्रभुर्र, चलाख, बढ्याइँ, पटक्क, चोर, डाह गर्छन्, लोभिन्छन्, घाउखटिरा, विष, भूँडी, दमको रोग, धर्म, बिहे, व्रतबन्ध, सिउँधो, छाला, नाङ्गो, पन्जा, टोपी, कुखुरी, दाप, काँतर, आङ, ठिङरिङ्ग, बाघ, जूठो, न्याउरीमूसो, पिंजडा, पखेटा, कष्ट, सेखी, प्रशंशा, घमण्ड ।

३. श्रवणकुमार र आँधीखोलाः

दह, अन्धाअन्धी, भोक, हर्ष, खाजा, बटुल्नु, घेरा, आँखा, ध्यानदिएर, कक्षा, लोभी, ज्ञानी, असल, सेवा, डोर्‍याई, खरको झुपडी, गाउँ, कुटी, कुवा, बनहात्ती, ओखती, अयोध्या, दशरथ, वाण, तिघ्रा, जडीबूटी, घाइते, आँसु, मुहान ।

४. फूलपातीः

घटस्थापना, विद्यालय, पूर्णिमा, शुक्ल तिपदा, विधिअनुसार, जमरा, सप्तमी, भिव्याउनु, बेल, अमलापत्र, महालक्ष्मी, महासरस्वती,

दशमी, शाही सैनिक मञ्च, जवान, अतिथिहरू, जङ्गी, निजामती, उर्दी, पोशाक, घेरो, सलामी, हाजिरी, पञ्चैबाजा, पड्किनु, झल्लरीछाता, पूर्णकलश, डोरी, कलस्यौली, मङ्गल गाउने केटी, जमल, हनुमानढोका, जमराघर, प्रसाद, अधिराज्य ।

५. अर्को पाठशाला हेर्न जाँदाः

ऐंसेलु, काफल, भरे (साँझ), दौडनु, ठेसलाग्नु, ढुकुर, कोइलीचरी, खोलो, चिभे, बौंडाइ, फिस्टो, कोटेरो, धोक्रो, जुनेली, जुरो, डाँफे, सूई, राष्ट्रिय, मदेश, उत्तरी पहाड, लामाहरू बिस्कुन, लखेट्नु, जाडो, तराई, मैदान, मुरली, घरजम, काफल पाक्यो, साधन, हवाईजहाज, चन्द्रमा, गर्मी, छाहारी, करगर्नु, ओथारो, आनन्द, चिठी, सन्तान, टिन ।

६. मेरो सानो खरायोः

सुतेथ्यौं, कुदेथ्यौं, खाटमुनि, चोक, भालू ।

७. मावली जाँदाः

त्रिभुवन हवाई मैदान, फरचाफुरुक, मूलढोका, अबीर, साइतका राता टीका, गुच्छा, यात्रु, पश्चिम, पशुपतिनाथ, घण्टाघर, रानीपोखरी, टुँडिखेल, भीमसेन स्तम्भ (धरहरा), मोटर, साइकल, दक्षिण, मनकामना, मूलबाटो, पृथ्वीराजमार्ग, सेतीगण्डकी, वेगनासताल, रूपाताल, धानको थुप्रो, अन्नपूर्णा, माछापुच्छ्रे, फेवाताल, बाङ्गोटिङ्गो, सिद्धार्थराजमार्ग, पूर्व–पश्चिमराजमार्ग, जन्मस्थलो, झिमिक्क पुख्यौंली, पुर्खा, पेटीबाँध्नु, म्वाइँखानु, नाम्लो, खर्पन, लहरी, टाँगा, थारूजाति, हाटबजार, उत्तर, पूर्वपट्टि, गोरुगाडा, सलाई कारखाना, हात्ती, बिच्छी ।

८. मुजूर :

मेघ, बिजुली, इन्द्रेणी, नाइके, आज्ञा, अनुशासन, रेखदेख,

वरपीपल, सिमल, ऐनकानून, नियम, घटना, स्वर्ग, इन्द्र, सिपाही, धनु, सातरङ्ग, मयूर, बगैंचा, शिवजी, सर्प, घाँटी, सम्झना ।

९. लाटोभन्दा बाठो छु :

कान्छो छोरा, लाटो, बाठो, फर्सी, ध्वाँसो, तीनसयसाठी, जोडा ।

१०. हामी नेपाली :

फेद, नाम्चेबजार, प्रकृति, सिङ्गारेर, सिमाना, मेची, महाकाली, चीन, भारत, मित्र, एकगोल, कर्तव्य, राष्ट्रसाहित्य, आम्दानी, अमूल्य, खानीहरू, चाडपर्व, धुमधाम, निधार, अक्षता, कला, अरनिको, कलाकार, राज्य, मानचित्र, सङ्गठन, संयुक्त सङ्घ, सदस्य ।

११. लेकको गीत :

पिम्बा, स्याङवा, स्याङवी, सुरीलो कण्ठ, घण्टी, चमरीगाई, बुकीफूल प्रीति, बैंस दिल, सल्लाघारी, स्वागत, पुच्छर, डोलाउँछे, शैलुङ, शिला, शान्ति ।

१२. बालदिवस :

बालमन्दिर, गुच्छा, पङ्क्ति, बालसङ्गठन, शुभजन्मदिन, अध्यक्ष, स्वास्थ्य, गरीब, अनाथ, असहाय, औषधी, जिल्ला, उद्घाटन, बालकोष, कलिला, बालाघर, निःशुल्क, अधिराज्य, उद्धार, तसबीर, मुमा बडामहारानी ।

१३. वीरबहादुरको जुक्ति :

धनी, जाँच, गाउँघर, नम्बर, नौलो मानिस, फूर्ति, फुत्काउन, पत्यार, फँसाउन, दोबाटो, फाइदा, जान त जाउँला, सट्टा उम्कन,

एक्कासी, झस्केछ, उत्सुक, हप्काए, माफी, बदमासी, चलाख, मौका ।

१४. बिर्सन नहुने दिन :

जन्मजयन्ती, प्रार्थना, कार्यक्रम, खेलकूद, कानेखुशी, मौका, पुरस्कार, नाइके, रूमालचोर, विद्वान, सीटी, नियम, चीं चीं चीं, ताली-बजाउनु, कपाल कन्याउनु, डुम्, ट्वाक्क, स्याबासी, सूचना, होडबाजी, मैदान, साँझ ।

महेन्द्र माला